# अध्याय एक

# परिचय

सामान्य अर्थमा विवाह दुई विपरित लिङ्गी बिच यौन सम्वन्ध राख्न बच्चा उत्पादन गर्ने बैद्यानिकता प्राप्त संस्था हो । समाजशास्त्रीय दृष्टिकोणवाट हेर्दा विवाह एक बच्चा उत्पादन गर्ने सस्था मात्र नभई यसले महिला र पुरुष बीचको सम्बन्ध तथा व्यवहार र तिनिहरुको सामाजिक संरचनामा रहेको भुमिका लाई देखाउदछ ।

विवाहलाई बिभिन्न समाजशास्त्री मानवशस्त्रीहरुले आफ्नै तरीकाले परिभाषित गरेका छन् । विवाहको स्वरुपमा आएको परिवर्तनका कारणले कतिपय पुरानो परिभाषाहरु अप्रयाप्त अपुर्ण र पुनर परिभाषित गर्नु पर्ने  जस्ता पनि देखिन्छन उदाहरण को लागि हिजोआज समलिङ्गी बीच पनि विवाह हुन थालेको छ जसले विवाहका लागि दुई विपरित लिङ्गी हुन जरुरी देखाउदैन  विवाह महिला र पुरुष लाई समाजमा सामाजिक सम्बन्ध राख्नको लागि अति आबश्यक सस्था हो जसले समाजमा व्यक्तिको स्थान निर्धारण गर्दछ र  बालबच्चा जन्मनउनको लागि पनि अनुमति दिने गर्दछ  (johnsom1984)।

बिवहा गतिशिल सामाजिक सस्था हो जसको स्वरुप ,किसिम र कार्यमा विभिन्न काल खण्डमा परिर्वतन आएको देखिन्छ । संसारमा विवाह प्राचिन समय देखीनै सामाजीक संस्थाको रुपमा चलिआएको छ । स्वगोत्र विवाह, जातिवाहिर विवाह, वहुपती विवाह, एकल विवाह, वहुविवाह जस्तै गरि विवाह कै एक रुपमा वाल विवाह लाई लिन सकिन्छ (Ember & Ember1990)।

विवाह एक सामाजिक कानुनी रपमा महिला र पुरुषलाई एक बनाउने संस्था हो । यसले कानुनी, आर्थिक सामाजिक रुपमा सन्तान पैदान गर्ने सामाजिक अनुमती दिई सामाजिक सम्बन्धलाई कायम राख्ने गर्छ (Trusell, et al. 1981)

विवाह गर्ने उमेर एक ठाँउ अर्को ठाँउ एक समय र अर्को समयमा फरक फरक हने गर्दछ । ससारमा बिवहाको किसिम र बिवहा गर्ने उमेर एक समाज र अर्को समाज एक सास्कृतिक समुदाय र अर्को बीच पृथक पृथक रहेको देख्न सकिन्छ । बिवहाका किसिमहरुमा स्वगोत्रीय बिवहा,जातिबाहिर बिवहा,बहुपती बिवहा, एकल बिवहा,बहुबिवहा जस्तै गरि बालबिवहा पनि बिवहाकै एक स्वरुप हो(Murdock 1949) । विभिन्न जातजति बिभिन्नठाउ अनुसार बिवहा गर्ने फरक उमेर रहेको पाईन्छ। नेपालमा बिवहा गर्ने उमेर विगत लामो समयदेखि कमश वढ्दै गएको देखिन्छ। बिवहा गर्ने औसत उमेर बडनुमा बिभिन्न सामाजिक तत्वहरु शिक्षा, पेशा, व्यवसाय, नितिनियम कानुनले प्रभाव पारेको पाईन्छ,।

वाल विवाह नेपालका केही ठाँउहरुमा मात्र नभई बिश्वका कतिपय मुलुकहरुमा पनि रहेको पाईन्छ ।बिश्वकै वैवाहिक स्थितीलाई हेर्दा एसिया १८%, अफ्रिका १७% केटीहरुको विवाह १४ वर्ष भित्रनै गरिएका देखिएको छ। वाल विवाह नेपालका केही ठाँउहरुमा मात्र नभई बिश्वका कतिपय मुलुकहरुमा पनि रहेको पाईन्छ । (युनिसेफ२००४)

संसारका धेरैजसो भागमा रजश्वला हुन भन्दा पहिला छोरीको विवाह गर्नु लाई स्वभाविक मानिन्छ बिभिन्न महादेशमा विवह गर्ने उमेर फरक फरक रहेको देखिन्छ १८वर्ष भन्दा अगाडि विवाह गर्ने महिलाहरुको प्रतिशत दक्षिण एसियामा ४८प्रतिशत अफिकामा ४२प्रतिशत र ल्याटिन अमेरिकामा ४२प्रतिशत रहेको छ युनिसेफ२००५।

अफ्किा र एसियाका वैवाहिक पद्धति आजसम्म पनि स्थिर रुपमै रहेको छ । आफ्नो सामाजिक परम्परा, मूल्य मान्यतालाई नै आधार मानेर बालविवाह वा छिटोविवाहार्को प्रचलन स्थिर रुपमा रहेको छ । विशेष गरी महिला वा सर्वव्यापी रुपमा महिला पुरुष दुवैमा बालविवाह रहिरहेको छ । कुनै विकसित देशहरुमा आधुनिकीकरणको प्रभावले गर्दा ढिलो विवाह गर्ने चलन चलेता पनि अधिकांश रुपमा परम्परागत तत्वहरुले परिवारको संरचना, जातजातिको रितिरिवाज र धर्मले नै प्रभाव

पारिरहेको छ । एसिया र अफ्रिकामा परम्परागत मूल्य मान्यताहरुले नै विवाहको दरलाई प्रभाव पारेको देखिन्छ (UN,2000)।

वाहबिवहा गर्ने प्रचलन अफ्रिका, साउथ एसियामा सामान्य रुपमा रहेको पाईन्छ । एसियाका केही मध्य पूर्वी र उत्तरी अफ्रिकाका केही भागहरुमा विवाह पर सर्ने वित्तिकै गर्नुलाई सामान्य रुपमा हेरेको पाईन्छ । त्यसै गरि पश्चिमी र उत्तरी अफ्रिका र साउथ एसियाका केही समुहहरुमा पनि वाल विवाह सामान्य रुपमा रहेको पाईन्छ

वाल विवाह नेपालका केही ठाँउहरुमा मात्र नभई बिश्वका कतिपय मुलुकहरुमा पनि रहेको पाईन्छ ।

**तालिका नं. १**

**South-Asia विवाहको उमेर**

| **देश** | **केटीको वैवाहिक उमेर १५-१९ (प्रतिशत)** |
|---|---|
| माल्दिभ्स | १२% |
| बंगलादेश | ५१% |
| श्रीलंका | ०.२% |
| भूटान | – |
| भारत | ५०% |
| पाकिस्तान | ४% |
| नेपाल | ४०% |

युनिसेफ२००५

दक्षिण एसियामा१५-१९ बर्ष उमेर समुहका बिबाहित महिलाको दर लाई हेर्दा सबै भन्दा बढि बगलादेश को रहेको छ। बगलादेशमा बढि मुसलमानहरु रहेको हुदा त्यहाको बैबाहिक दर उच्च रहेको देखिन्छ। भने सबै भन्दा कम बैबहिक दर श्रीलका को रहेको छ। किनकि त्यहाको शैक्षिक दर उच्च रहेको देखिन्छ (UNICEF, 2005) ।

माल्थस प्रथम (nearly 200years)ले बालविवहा वा बिवहाको दरमा वृदि हुनुमा मुख्य कारण अनियन्त्रीत रुपमा जनसख्या वृदिलाई स्वीकारेका छन् ।

वाल विवाह कुनै एउटा नौलो घटना होइन यो समयको परिवर्तन स्वरुप एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरण हुदै आएको पाईन्छ बाल विवाह हनुमा सास*कृतिक* परम्परा धार्मिक विश्वास र पितृसतात्मक पारिवारिक संरचना प्रमुख कारण मानिन्छ (वेनेट१९८३) ।

वाल विवाह भन्नाले वालवच्चाहरुको विवाह गर्ने उमेर भन्दा पहिले नै सानो उमेरमानै विवाह गर्नु भन्ने वुझिन्छ ।नेपालमा छोरीको १८भन्दा कम उमेरमा गरिएको विवाह लाई बाल बिवहा भन्ने गरिन्छ । वाल विवाहलाई कानुनी रुपमा हेरियता पनि हाम्रो समाजमा अझै पनि वाल विवाह यथास्गितीमा रहेको पाईन्छ ***(ढुङ्गना( २००१)।***

वालिकाहरुको १०-१२ गौना भन्नाले सानो उमेर ५-६ वर्षको बेलामा विवाह भएका वाल वर्षको उमेरमा घरमा गएर काम गर्न सक्ने वा शारिरिक रुपले वृद्धि विकास भएपछि केटापक्षले केटीलाई तिलक सहित आफ्नो घरमा लैजानु हो । जति उमेर बढ्दै जान्छ त्यतीनै धेरै दाइजो दिनुपर्ने केटा नपाइने समस्याहरुले गर्दा अधिकांश केटीहरुको वाल अवस्थामानै विवाह हुने गरेको पाईन्छ (रेग्मी २०४३) ।वाल विवाह गर्नाले छिटो समयमै काममा सहभागी हुने छिटो बच्चा जन्माउने गरेको पाईन्छ (CWIN 1999) ।

नेपालको सन्दर्भमा अधिकांश नेपाली महिलाहरुले पहिलो बच्चा १५ वर्षकै उमेरमा जन्माएको देखिन्छ । महिलाहरुमा रहेको शिक्षाको अभाव, आर्थिक अवस्था गरिबी जस्ता कारणले गर्दा वाल विवाह हुने गरेको पाईन्छ । नेपालमा (१०-१९) वर्षका किशोर किशोरीको विवाह स्थितीलाई हेदा केटा ५.५प्रतिशत र केटी १६.०प्रतिशत वैवाहिक स्थतीमा रहेको देखिन्छ (के.त.बि. 2001)

नेपालको ग्रामिण र शहरी क्षेत्रमा महिला र पूरुषको१५– २० वर्ष उमेर समुहको वैवाहिक स्थितीलाई हेर्दा ग्रामिण क्षेत्रमा महिलाको वैवाहिक स्थिती ८२%,

शहरी क्षेत्रमा ६३%, ग्रमिण क्षेत्रमा पूरुषको वैवाहकि स्थिती ८३% र शहरी क्षेत्रमा ५८% (के.त.वि. २००१)

नेपालको पहाडी क्षेत्रमा महिला वाल विवाहको दर ३३%, हिमाली क्षेत्रमा २७% र तराई क्षेत्रमा ४०% रहेको पाईन्छ (एन.डि.एच.एस. २००१)

**तालिका नं. २**

**वैवाहिक स्थिती अनुसार नेपालमा महिला पुरुषको अवस्था यस प्रकार रहेको पाइन्छ।**

| उमेर | बवाहित महिला% | बिवाहित पुरुष |
|---|---|---|
| १५- १९ | ३९ .८ | ११.३ |
| २०-२४ | ८२.१ | ५५.४ |
| २५-२९ | ९३.२ | ८३.४ |
| ३०-३४ | ९४.० | ९३.९ |
| ३५-३९ | ९२.३ | ९६.५ |

स्रोत : के त वि २००१

नेपालको बिवाहित महिला पुरुष कौ अवस्थाःलाई हेर्दा ३०-३४ बर्ष उमेर समुहका महिलाहरुको बैवाहिक दर बढि रहेको देखिन्छ। त्यसै गरि पुरुषको बिवाहित दर लाई हेर्दा ३५-३९ उमेर समुहको दर बढि रहेको देखिन्छ (के त वि2001)।

अझै पनि तराईका २६% वासिन्दाहरुमा वाल विवाह हुदै आएको पाईन्छ । सुनसरी, झापा, सिराहा, सप्तरी, जनकपूर, रुपन्देही जस्ता तराईका विकसित ठाँउहरुमा वाल विवाह रहिरहेको पाईन्छ । पढ्ने उमेरमा १५-२०% वालवालिकाहरु विवाह बन्धनमा वाँधिएका छन् ( के.त.बि. 2001)।

सामाजिक रुपान्तरण, आधुनिकिकरण पाश्चात्य तत्व, आधुनिक शिक्षा, मानविय गतिशिलता हुदा हुदै पनि नेपालको तराई क्षेत्रमा ४०%, पहाड ३३%, हिमाल २६% महिलाहरुको विवाह (१०-१९) वर्ष भित्र रहेको पाइन्छ। त्यस्तै गरि जातजाती अनुसार

वाल विवाहलाई भिन्दा भिन्दै दृष्टिकोणले हेरेको पाइन्छ । माझी र दनुवार जातीमा वाल विवाह गर्नुको कारण माझी र दनुवार जातीको मृत्यु सस्कारमा वैवाहिक छोरी चाहिने । मृतक आत्मालाई घरमा वनाएको रक्सि र कुखुरा वैवाहिक छोरीले ल्याउनु पर्ने हुन्छ । त्यस्तै गरि कर्णाली क्षेत्रका बाहुन/क्षेत्रीहरुमा वाल विवाह गर्नुको कारणमा वावु आमाले आफ्नो छोरीलाई परसर्नु भन्दा अगाडीनै विवाह गरिदिएमा सामाजिक मान्यता रहनुको कारणले गर्दा वाल विवाह गरेको पाइन्छ (cwin1999)

**तालिका नं. ३**

**जातजाती अनुसार वैवाहिक स्थितीहरु फरक फरक रहेको पाइन्छ ।**

| जातजाति | विवाहको उमेर समूह | | | |
|---|---|---|---|---|
| | १०–१४ | | १४–१६ | |
| | केटी | केटा | केटी | केटा |
| खाम मगर | | | १४.३ | ७.१ |
| पर्वते | ९.३ | १२.५ | ५० | २५ |
| तामाङ्ग | | | ३६.२ | २२.५ |
| थारु | | | ३१.२ | १८.५ |
| मैथली | ५६.७ | २०.३ | १६.२ | ४२.२ |

स्रोत (आचार्य र वेनेट १९८३ )

१०-१४ उमेर समूहमा सबैभन्दा बढी केटी मैथली ५६.७ प्रतिशत र केटा २०.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम उमेरमा विवाह पर्वते ९.३ केटी र १२.५ प्रतिशत केटाको रहेको छ । त्यस्तै गरी (१४-१६) वर्ष उमेर समूहमा सबैभन्दा छिटो विवाह गर्नेको दर मैथली समुदायको केटाको रहौ छ भने केटीमा पर्वतको बढी रहेको छ ।  यसरी नेपालका विभिन्न ठाँउ जातजातीहरुमा आजसम्म पनि वाल विवाह रहिरहेको छ,।त्यसै गरि यो अध्ययन पनि तराईकै रुपन्देही जिल्लाको गोनहा गा.वि.स. का १ र २ वडामा वस्ने मधेसी समुदायका अहिर जातिको वाल विवाह गौनाको स्वरुपलाई यस अध्ययनले आफ्नो विषय वस्तु वनाएको छ ।

आज पनि तराइका २६% वासिन्दामा दाइजो प्रथा रहिरहेको छ (के त वि 2001) । मधेसी समुदायमा बेहुला पक्षले बेहुली पक्षसंग विवाहको बेलामा दाइजोको

रुपमा जिन्सी वा पैसाको माग गरेको पाइन्छ । जुन मागलाई बेहुली पक्षले पुरा गर्न सकेमा विवाह हुन्छ। झापा सुनसरी,सिराहा,सप्तरी,जनकपुरमा दाईजोकै कारण बालबिवहाको दर बढि रहेको छ ।

तराईका मैथली स मुदायमा दाईजोलाई नै मुख्य समस्या मानी 95.9% केटी हरुको 16 बर्ष भित्रमा नै बिवहा गरेको देखिन्छ। भने तराई क्षेत्रमा ४०% केटीहरुको विवाह १३ वर्ष भित्रनै गरेको पाईन्छ ।यसै गरि तराईका मधेसी समदायमा पनि बाल बिवहा कै रुपमा गौना सस्कार गरिएको पाईन्छ ।

गौना भन्नाले मधेसी समुदायको एक महत्वपूर्ण संस्कार वा वैवाहिक स्थितीलाई वुझाउँछ । मधेसी समुदायका वाल वच्चाहरुको सानो उमेरमा विवाह गरिन्छ र पछि ठुलो भएपछि गरगहना सहित दुलाह र जन्ती आएर बेहुलीलाइ दुलाहको घरमा तिलक सहित भित्रयाउनु हो।रेग्मी(2043)

## १.१ समस्याको कथन

नेपाली समाजमा बिवहा गर्ने शैली र परम्परा धेरै छन्। जाति सम्प्रदायका विवाह परम्परा जोगाउदा हाम्रो बहुसस्कृति जोगिन्छ जुन सस्कृति भएता पनि कानुन ले बालबिवहा लाई अपराध मानेको छ तर तराई का कतिपय समुदायमा अझै पनि बालविवह को प्रचलन छ बिवहा भनेको के हो भन्ने थाहा नपाउने उमेरमै आमा बाबु ले बिवहाको टुंगो लगाईदिने गर्दछन् बाल अबस्थामा नै बिवहा र गौना गर्ने प्रचलनले गर्दा उमेरपुगे पछि घरझगडा, कुटपिट गर्ने समस्या आउछन् ।

चर्चा गरिएअनुरुप केहि समय यता नेपालमा विवाह गर्ने उमेर बिगत लामो समयदेखि कमह बढ्दै गएको देखिन्छ बिवहा गर्ने औसत उमेर बढ्नुमा बिभिन्न सामाजिक तत्वहरु जस्तै शिक्षा,पेशा,व्यवसाय,निती नियम कानुनले प्रभाव पारेको हुन्छ तर नेपालको तराई क्षेत्रमा गौना को नाम मा बालविवाह अझै पनि कायम रहेकोछ शिक्षाको विस्तार, यातायातकोविकास, आधुनिकिकरणको प्रभाव नजिककोभारत सगको सामाजिक आर्थिक सम्बन्ध रहदा रहदै पनि किन तराई क्षेत्रका मानिसमा यि तत्वहरुको प्रभाब नपरी पुरानै संस्कार, रितिरिवाज अनुसार गौना र बालविवाह कायमै

छ ।यस्तो गौनाको प्रथालाई के कुरा वा समाजका कुन-कुन तत्वहरुले कायम राखेका छन ? भन्ने कुरा बुझ्नु नै यस अध्ययनको मुल समस्या हो ।

नेपालमा जति पनि वाल विवाह भएका छन् त्यसको कारणहरुमा सामाजिक, साँस्कृतिक, शैक्षिक, आर्थिक दाइजो प्रथालाई जोड दिएर गरेका छन् तर के-कस्तो खालको सामाजिक साँस्कृतिक ब्यवस्थामा वाल विवाह हुन्छ भन्ने वारेमा कमै अध्ययन अनुसन्धानहरु भएको पाइन्छ । त्यसैले मेरो सोधपत्रमा पनि मैले रुपन्देही जिल्लाको गोनहा गा.वि.स. मा रहेका मधेसी समुदायमा रहेका मधेसीजातीमा हुने वाल विवाह र वाल विवाह पछि गौना संस्कार गरेको देखे जसले गर्दा मलाई यो समाजमा वाल विवाह के-कस्तो कारणहरुले गर्दा हुन्छ, किन आजको समयसम्म पनि मधेसी समाजमा वाल विवाह अस्तित्वको रुपमा रहेको छ ? वाल विवाह, गौनालाई प्रभाव पार्ने तत्वहरु के-के छन् ? किन यो समाजमा वाल विवाह/गौना अन्त्य हुन सकिरहेको छैन् ? किन यो समुदायमा आर्थिक वहेज प्रथा वा दाइजो प्रथालाई नै महत्व दिएको पाइन्छ । यि प्रश्नहरुको उत्तर खोज्नको लागि मैले योमधेसी समुदायमा आफ्नो अध्ययन अनुसन्धान समाजशास्त्रीय ढंगले गर्न गईरहेकी छु । माथिका सम्पूर्ण समस्याहरुलाई मैले मेरो अनुसन्धान मार्फत प्रष्टाउने कोशिस गरेकीछु ।

## १.२ उद्देश्य

यो अध्ययनको सामान्य उद्देश्य बालबिवहाका कारण थाहा पाउनु हो विशिष्ट रुपमा यस हध्ययामा निम्न उद्देश्य रहेका छन्।

- मधेसी समुदायमा वाल विवाह अस्तित्वको रुपमा किन रहिरहेको छ सो पत्ता लगाउनु
- बाल बिवहा गौना र तिलक प्रथामा विभिन्न पुस्तामा आएको परिर्वतन लाई बुझनु

## १.३ अध्ययनको महत्व र औचित्य

हरेक शोधपत्र तयार गरिनुका आफ्नै किसिमका औचित्य र महत्व हुन्छन्। त्यसैगरीप्रस्तुत मेरो शोधपत्र रुपन्देही जिल्लाको गोनहा गा.वि.स.का वडा नं. १ र २

मा रहेका मधेसी समुदायलाई समेटेर उनीहरुको सामाजिक, साँस्कृतिक परम्परा अनुरुप रहेको बालविवाह र गौनाको प्रचलनलाई बझ्ने प्रयास गरिएको छ । यस अध्ययनको मूल महत्व भनेको आजसम्म पनि आधुनिकीकरण, यातायात, पश्चिमी विकासका मूल मन्त्रहरु रहिरहँदा पनि किन यो समाजमा बालविवाह गौना जस्ता परम्परागत प्रचलन रही रहेको छ । जसबाट आम मानिसले मधेशी समुदायमा हुने बालविवाहको कारण थाहा पाउन सक्छन् जसको माध्यमबाट विभिन्न विकासे संघसंस्थाहरुलाई यो शोधपत्रले केही हदसम्म सहयोग गर्न सक्छ ।

यस मधेसी समुदायमा रहेको दाइजोको प्रचलन ५०-६० को दशकमा कस्तो थियो र आजको समयमा के कस्तो परिवर्तन आयो भनी परिवर्तनलाई केलाउन सकिन्छ । जसबाट सम्पुर्ण आम समुदायमा दाइजोको प्रचलन किन बढी रहेको छ भनी थाहा पाउन सकिन्छ ।

कस्तो खालको सामाजिक, सास्कृतिक,आर्थिक,राजनैतिक व्यवस्थामा बाल बिवहा हुदो रहेछ कुन कुन विशिष्ट तत्वहरुले बाल बिवहा कायम राख्दो रहेछ भन्ने कुराको जानकारीले समाजशास्त्रीय ज्ञान लाई अगाडी बढाउन मद्दत गर्छ ।

विकासे संघ संस्थाले मधेसी समुदायको समस्यालाई बुझी विभिन्न विकासे कार्यक्रम निर्माण गर्न यो शोधपत्रले सहयोग गर्दछ ।

यस शोधपत्रले आगामी दिनमा मधेसी समुदायमा गरिने अध्ययन अनुसन्धानलाई थप स्रोतको रुपमा मार्ग प्रशस्त गर्नेछ ।

गोनहा गा.वि.स. मधेसी समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक परम्परागत पक्षले विवाहमा पारेको प्रभावको बारेमा अध्ययन अनुसन्धान गरिएको हुँदा यस क्षेत्रका सम्पूर्ण मधेसी समुदायका मानिसका लागि उपयोगी सामाग्री हुन सक्नेछ ।

अध्ययन क्षेत्रका मानिसलाई किन के कारणले आफ्नो समुदाय पछाडि परेको, किन बालविवाह रहि रहेको छ । यसलाई के ले अडाएको छ । सोको जानकारी हुन सक्छ ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

यस अध्यायमा सैदान्तिक र व्यवहारिक पक्ष बाट भएका अध्ययन हरु लाई समिक्षा गर्नै प्रयास गरिएको छ।सैदान्तिक पक्ष अर्न्तगत संरचना प्रकार्यबाद,मार्क्सबाद , फेमिनिष्ट सिदान्तको विवाह सम्बधि हेर्ने दृष्टिकोणलाई बिवेचना गरिएको छ। भने प्रयोगात्मक अध्ययन अर्न्तगत नेपाल तथा अन्य ठाउमा भएका विवाह गर्ने उमेर सम्बधि अध्ययन अनुसन्धानलाई विवेचना गर्ने प्रयास गरिएको छ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

विवाह र विवाह गर्ने उमेर सम्बन्धी धेरै अवधारणाहरु रहेका छन् । संरचनात्मक प्रकार्यवादले समाजलाई बचाई राख्नको लागि विवाहलाई अनिवार्य तत्वको रुपमा मानेको छ । दुर्खिम(१९६८) ,व्राउन(१९५२) ,मेलिनोस्की(१९४४)आदि समाजशास्त्री तथा मानवशास्त्रीले विवाहलाई एउटा इकाई मानि त्यसले कसरी सिंगो सामाजिक संरचना लाई बाचई राख्न योगदान दिन्छ भन्नेबारे उल्लेख गरेका छन् ।

संरचनात्मक प्रकार्यवादीका अनुसार संरचना वा सिंगो समाज भनेको एउटा स्वरप मात्र हो । समाजभित्रका विभिन्न अङ्गहरु वा भागहरु मिलेर बनेको स्वरुपलाई नै संरचना मानेका छन् अर्थात् समाजभित्रका विभिन्न भाग वा अंगहरु संघ, संस्था वा संस्कृतिहरु मिलेर नै एउटा सिंगो समाज बनेको हुन्छ । त्यसलाई नै एउटा सिंगो संरचना प्रकार्यवादीहरुले मानेका छन् ।

प्रकार्यवादीहरुका अनुसार समाज एउटा सिंगो संरचना हो । त्यसभित्र विभिन्न इकाईहरु हुन्छन् । ती इकाइहरुले समाजको निरन्तरताको लागि सहयोगको निरन्तरताको लागि सहयोग पुर्‍याइरहेको हुन्छ । समाजभित्र रहेका धर्म, संस्कृति, नाता, परिवार जस्ता संघ संस्थाहरुले आफ्नो अस्तित्व बचाउनको लागि निरन्तर कार्य गरेका हुन्छन् तर सम्पूर्ण कार्यहरुले प्रकार्य मात्र नगरी समाजमा अकार्य पनि गरेको पाइन्छ ।

यस प्रकार प्रकार्य तथा संरचना विचमा अन्तरसम्बन्ध कायम हुने गर्दछ । समाज भित्र रहेका अंग वा भागहरुले सामाजिक सांस्कृतिक इकाइहरुको कुनै न कुनै प्रकार्य हुन्छ । त्यसले गर्दा समाजमा रहेका विभिन्न संघ संस्थाहरुले समाजलाई वा संस्कृतिलाई बचाईराख्न कार्यहरु गर्दछ । समाजमा रहेका परिवार, नातेदारी, विवाह जस्ता संस्थाहरुको पनि समाजमा बेग्लै कार्य रहेको छ । जसको कार्यले गर्दा समाजको सिंगो स्वरुपलाई बचाइराखेको हुन्छ ।

बिववाह सम्बन्धी सैद्धान्तिक अवधारणालाई संरचनात्मक प्रकार्यवादीहरुले यसरी उल्लेख गरेको पाइन्छ ।

समाजको सिंगो संरचना भन्दा त्यस संरचनालाई निरन्तरता दिने समाजका व्यवस्था, प्रणाली वा अन्य भाग परिवार, नातेदारी, विवाह विभिन्न संस्कृति परम्पराहरु महत्वपूर्ण हुने गर्दछन् । विभिन्न जातजातिहरुका संस्कृतिहरुले सिंगो समाजलाई बचाईराखेको हुन्छ (दुखिम १९६८) ।

समाजमा रहेका हरेक संस्कृति भित्र रहेका (विवाह, परिवार, नाता, रितिरिवाज) हरुले सिंगो समाजलाई निरन्तरता दिनको लागि मात्र कार्य नगरी त्यसले समाजमा नकारात्मक कार्यहरु पनि गरेको पाइन्छ । त्यसैले समाजमा रहेको विवाह, परिवार, नातागोता, रितिरिवाज, परम्पराले सधैं संरचना बचाई राख्नको लागि सुकार्य गरेता पनि त्यसले समाजमा कुहिन कहिँ नकारात्मक प्रभाव पनि पारेको पाइन्छ (Merton, 1968)

दुर्खिम र मर्टन को संरचनात्मक प्रकार्यवादी सिद्धान्त भन्दा छुट्टै मत मेलिनोस्कीले राखेका छन् । मेलिनोस्की (1944) संस्कृतिलाई मानिसले आफ्नो चाहना र उद्देश्यहरु पूरा गर्नको लागि बनाएका हुन् । त्यसैगरी धर्म, संस्कृति, विवाह, परिवार यी सबै इकाईहरु मानिसले आफ्नै चाहना पूरा गर्नेको लागि बनाइएको बताएका छन् । त्यसले गर्दा आजसम्म पनि यस्ता इकाले निरन्तरता पाएको देखिन्छ ।

एउटा प्रणालीको संरचानामा विभिन्न आन्तरिक तथा बाह्य एवं पक्षहरु हुन्छन् । यी इकाईहरुका बीचमा पारस्परिकता कायम भई यी सबै सिंगो समाजको संरचना तयार हुने गर्दछ (Brown1952)।

## Feminist Theory

महिलावादीहरुका अनुसार समाजमा रहेको सिंगो संरचनालाई नै महिला शोषणको रुपमा लिएका छन् । समाजको सिंगो संरचनाभित्र रहेका हरेक इकाइहरु ( परिवार, विवाह, नातागोता, रितिरिवाज) ले महिलालाई नै शोषण गर्ने प्रक्रिया मानेका छन् ।

महिला वा पुरुषले समान क्षमतामा जोड दिनु, महिलाले पाएका सीमित भूमिका र आफ्नो क्षमताका बारेमा उनीहरुभित्र धसिएको अविश्वासलाई पर्दाफास गरी शैक्षिक अवसर, नागरिक अधिकार, प्रजनन अधिकार, सोनिर्णयको अधिकारलाई अगाडि सारेको पाइन्छ (उदाहरवादी नारीवाद, १९६०-७० शताब्दी) ।

महिला शोषण महिला उत्पीडनको मूल स्रोतको रुपमा पुरुषवादी समाज नै भएका, यौनिकता । यौनिकता तथा यौन सम्बन्धको राजनीतिक पक्ष रेडिकेल नारीवादीहरुका प्रमुख सवाल रहेका छन् । वेश्यावृत्ति, यौन, दुर्व्यवहार, बलात्कार, महिलामाथि कुटपिट, बालविवाह, अनमेल विवाह जसता कुरालाई उदाहरणको रुपमा लिन सकिन्छ । प्रस्तुत गर्दछन् (टङ (१९८३) ।

महिलाहरुको आफ्नो चाहना तथा आवश्यकता पूरा गर्ने यौनिकता र विशेष महिला समलैङ्गिकता माथिको जोड तथा प्रजनन सम्बन्धी आफ्नो निर्णय उपयुक्त उमेरमा विवाह गर्ने अधिकार जस्ता कुरालाई सारेको पाइन्छ (Califia 1983, Johnsto, 1974) लुइटेल.2008......मा उद्धरण गरिएको)

मार्क्सवादी महिलावादीहरुका अनुसार समाजमा भएको उत्पादन प्रक्रिया र राजनीतिक, आर्थिक समाजका संरचनामा महिलालाई समावेश गराएमा मात्र महिला

मुक्ति हुन्छ । विवाहको माध्यमबाट नै पितृसत्तात्मक समाजमा महिलालाई शोषण गरिरहेको हुन्छ । (Borrett 1989: Mitchell 1975)

## २.२ अनभव सिद्द अध्ययनहरु

मोर्गानले इरोक्बोइस जातिमा गरेको नातासम्बन्ध प्रणालीको अध्ययनले के पत्ता लगाए भने सामान्यतया सामान्यतया समाज उद्विकासको क्रममा मानिसमा विवाह, परिवार जस्ता संस्थाहरुको विकास भएको थिएन । सुरुमा हाडनाताको यौनसम्बन्धमा आधारित परिवार थियो । यति बेला एउटै घरका दाजुभाई दिदी बहिनी बिच यौनसम्बन्ध वा विवाह भएको देखिन्छ । विस्तारै समाज विकास हुने क्रममा पुनालुआ पविारको जन्म भयो । यस्तो परिवारमा बाबुआमा र छोराछोरीवीचको यौन सम्बन्धलाई प्रतिबन्ध लगाइएको थियो । यस समयमा दोस्रो तेस्रो पुस्ताका दिदीबहिनी विववाह प्रतिबन्ध लगाइयो । कुटुम्बका परिवारका दाजुभाईहरुको विवाह सामुहिक रुपमा कुटुम्बका दिदीहिनीहरु विच हुन थाल्यो, मोर्गानका अनुसार यस्तो खालको विवाह प्रक्रिया  परिवार मानवविकासको जङ्गली स्तरमा प्रचलित रहेको थियो । यसै क्रममा विस्तारै युगल परिवारको विकास भयो । यसमा एउटा पुरुषले एक स्त्रीसँग विवाह गर्दथ्यो तर स्त्रीका सम्पूर्ण दिदी बहिनीहरुसँग यौन सम्बन्ध राख्न पाउँथ्यो । पितृसत्तात्मक परिवार यसमा एउटा पुरुषले स्त्रीसँग मात्र विवाह गर्ने र यौन सम्बन्ध राख्न पाउँथ्यो । अर्को चरणमा एकल परिवार विकास हुँदै आयो । यो पविार मानव उद्विकासको उच्च चरण हो यसमा एउटा पुरुष र स्त्री मात्र विवाह बन्धनमा बाँधिएको पाइन्छ । यसरी परिवारको विकास सँगै मानव उद्विकास कालदेखि नै विवाह पनि रहेको र परिवार विकास हुने क्रममा विवाह पनि विकास हुँदै आजको समयसम्म आएको देखिन्छ । (L.H. Morgan, 1877, फ्रेडरिक एन्गेल्स (परिवार निजी स्वामित्व राज्यको उत्पत्तिमा उद्दरण गरिएको) ।

न्युइरा (१९६८)को नेपालका सम्पूर्ण क्षेत्रका ४९७१ महिलाहरुमा गरिएको अध्ययन अनुसन्धान अनुसार सबैभन्दा कम उमेरमा विवाह गर्ने दर मध्यमाञ्चल विकास क्षेत्रमा १३.९ वर्ष रहेको छ भने बढी उमेरमा विवाह गर्ने दर, १५.३८ मध्य

पश्चिमाञ्चल विकास क्षेत्रमा रहेको देखिएको छ। त्यसैगरी शहरी र ग्रामीण महिलामा शहरी महिलामा १५.६८ प्रतिशत वैवाहिक दर देखियो भने ग्रामीण महिलाहरुमा १४.२४ वर्ष रहेको छ । शिक्षित र अशिक्षित महिलाहरुमा हेर्दा शिक्षित महिलामा वैवाहिक दर १५.४७ र अशिक्षित महिलाहरुमा १४.३४ वर्ष रहेको देखिन्छ।

विवाहको उमेरलाई प्रजनन तत्वले प्रभाव पारेको हुन्छ । जुन प्रजनन् अवधि सँग सम्बन्धित रहेको हुन्छ। यदि किशोरी को शारीरिक अँगको विकास हुने अवस्थामा विवाह भएमा खतरायुक्त प्रजनन अवस्था हुन्छ । किशोर अवस्थामा पहिलो बच्चा जन्माउनु बच्चा र आमा दुवैलाई खतराको अवस्थामा रहनु हो (MC Carthy, 1982)

महिलालाई आफ्नो उमेरले यौन अवस्थामा हस्तान्तरित गरेको हुन्छ जुन समयमा महिलाको विवाह भएमा लामो समयसम्म यौन अवस्थामा सम्मिलित हुन्छन् जसले गर्दा प्रजनन दर उच्च रहन जान्छ। महिलाहरु सानो उमेरमा बच्चा उत्पादन कार्यमा संलग्न रहँदा खतरामूलक जीवन प्रक्रिया चलाइरहेका हुन्छन् जुन प्रत्यक्ष रुपमा प्रजननदरसँग सम्बन्धित रहेको हुन्छ (Acharya, 1994)।

स्मिथ (१९८०) को भनाई अनुसार शिक्षामा महिलाहरु सम्मिलित, श्रममा पनि महिलाको सहभागिता, शहरीकरणको प्रभावले बैवाहिक दर ढिलो हुनुपर्ने ठाउँमा तर यी नै तत्वहरुले नै परिवर्तित वैवाहिक दरमा घटाउनु पर्ने ठाउँमा झन वैवाहिक पद्धतिलाई प्रोत्साह गरेको छ। शहरीकरण पाश्चात्य संस्कृतिहरुले झन् बालविवाहलाई प्रोत्साहित गरेको देखिन्छ।

नुवाकोटको विधूर नगरपालिकामा गरिएको बालविवाहको अध्ययनमा शिक्षाले नै बालविवाहलाई प्रभाव पारेको पाइयो । शिक्षाले नै विवाहको दरमा महिला र पुरुष दुवैमा प्रभाव पारेको देखियो. । जसको शिक्षाको स्तर वा शिक्षित छ भने उसको वैवाहिक दर कम छ भने जो अशिक्षित छ उसको बालविवाहको दर उच्च रहेको छ। ४१.२१ प्रतिशत अशिक्षित मानिसको वैवाहिक दर रहेको छ भने एस.एल.सी. भन्दा तल र माथिको वैवाहिक दर १८.५ प्रतिशत र २२.१५ प्रतिशत रहेको छ। त्यसैगरी विवाहमा प्रभाव पार्ने अर्को तत्वमा पेशा र आम्दानी पनि रहेको देखिन्छ । उच्च

आम्दानी र स्थिति भएकाको ढिलो विवाह र न्यून स्थिति र आम्दानी हुनि हरुको छिटो विवाह गरेको पाइयो । श्रमिक काम गर्नेको वैवाहिक दर १३.६२ प्रतिशत, कृषिमा संलग्न मानिसको १४.५४ प्रतिशत, व्यापार गर्नेको १८.२३ प्रतिशत र रोजगारी भएकाहरुको २१.३९ प्रतिशत वैवाहिक दर रहेको देखियो । यसरी अध्ययन स्थलमा विवाहलाई प्रभाव पार्ने तत्वहरमा शिक्षा, पेशा, आम्दानी, रोजगारी, दैनिक मजदुरीले विवाहलाई निर्धारण गरेको हुन्छ (Shrestha, MIMIMA 2004) ।

वैवाहिक उमेरलाई सामाजिक, आर्थिक तत्वहरुले मात्र प्रभाव नपारी धर्म जातजातिको रितिरिवाज, परम्परा विभिन्न सांस्कृतिक तत्वहरुले पनि प्रभाव पारेको देखिन्छ । विश्वका कतिपय मुलुकहरुमा सामाजिक रितिरिवाज र परम्परालाई महत्वपूर्ण मानी छोरीको विवाह छिटो गरेको देखिन्छ । दक्षिण एशियामा १८ वर्ष पुग्नुभन्दा अगाडि नै ४८ प्रतिशत महिलाहरुको विवाह गरी भइसकेको हुन्छ । त्यसैगरी बंगलादेश जहाँ मुस्लिम बस्ती धेरै छ । जहाँको धार्मिक रितिरिवाज कठोर छ यहाँ १५ वर्ष पुग्नु भन्दा अगाडि २७.३ प्रतिशत केटीको विवाह हुन्छ भने १९ वर्ष नपुग्दै ६५.३ प्रतिशत केटीहरु विवाह गरिसकेका हुन्छन् ।

अफ्रिकाको वैवाहिक उमेरलाई हेर्दा १८ वर्ष पुग्नुभन्दा अगाडि ४२ प्रतिशत केटीहरु विवाहित रहेको देखिन्छ । त्यसैगरी नाइजेरीयाको वैवाहिक दरलाई हेर्दा २७.३ प्रतिशत महिलाको विवाह १५ वर्षभन्दा अगाडि र १९ वर्षभन्दा अगाडि ७६.६ प्रतिशत महिलाहरु विवाहित अवस्थामा रहेको देखिन्छ (UN 2009 Report)।

Spingulate Mean Age at marriage अनुसार महिलाको वैवाहिक उमेर तराई, पहाड र हिमालमा यस प्रकार रहेको छ । तराईमा महिलाको विवाह गर्ने उमेर सबैभन्दा कम १८.९ वर्ष, पहाडमा १९.६४ वर्ष र हिमालमा २०.२ वर्ष रहेको पाइन्छ । त्यसैगरी शहरी र ग्रामीण क्षेत्रलाई हेर्दा शहरी क्षेत्रमा महिला १९.३ प्रतिशत ग्रामीण क्षेत्रमा महिला २०.७ प्रतिशत र पुरुष शहरी क्षेत्रमा २२.५ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.५ प्रतिशत पुरुषको वैवाहिक उमेर रहेको देखिन्छ (के.त.वि., 2003) ।

शिक्षा र विवाह विच एक आपसमा अन्तरसम्बन्ध रहेको हुन्छ । शिक्षाले विवाहलाई प्रभाव पारेको पाइन्छ । स्कूल गएकाहरुको विवाह गर्ने उमेरमा केही सकारात्मक भावना रहेको हुन्छ । यिनीहरुले ढिलो विवाहलाई जोड दिएका हुन्छन् । महिलाहरुमा शिक्षा भयो भने उनीहरु आफूखुशी बाँच्ने, निर्णय गर्न सक्ने र आम्दानीपूर्ण काममा पनि लाग्ने हुन्छन् । त्यसकारण उच्च शिक्षाको दरले ढिलो विवाह गर्नेलाई प्रोत्साहन गरेको हुन्छ (Kayastha, 1995) ।

आचार्य (१९९२) ले नेपालको पश्चिमी पहाडी क्षेत्रमा रहेको रानाबाट गाउँमा गरेको अध्ययन अनुसार सो ठाउँमा उमेर अनुरुप वा छिटो विवाह गर्नु र बच्च जन्माउने जन्मदर बीच मध्यम वा नजिकको सम्बन्ध रहेको देखियो । छिटो विवाहले बच्चा जन्माउने तहको निर्धारण गरेको हुन्छ (अशिक्षित र कृषि प्रधान समाजमा) यस अध्ययन अनुरुप १६ वर्षमा विवाह गर्नेका २ वटा सन्तान, १३ वर्षमा विवाह गर्नेको ५ वटा सन्तान र ११.१७ वर्षमा विवाह हुनेहरुको ६ भन्दा धेरे बालबच्चा जन्माएको पाइयो । सो ठाउँको सम्पूर्ण समूहमा हेर्दा बच्चा जन्माउने दर १६.२७ प्रतिशत वर्ष रहेको देखियो । यस अध्ययनबाट यो कुरा पत्ता लगाइयो की छिटो उमेरमा विवाह गर्दा बच्चा जन्माउने दर उच्च रहेको देखियो ।

के त वि (२००१)ले विवाह गने उमेरलाई बिभिन्न भागमा बिभाजन गरि अध्ययन अुनसन्धान गरेको छ शहरी ग्रामिण ,भौगोलिक क्षेत्र ,विकास क्षेत्र , शिक्षाको तह गरी छुट्याएर महिला पुरुषको बैवाहिक दरको अध्ययन गरिएको छ शहरी क्षेत्रमा महिलाको बैवाहिकदर ४.३ गग्रमीण क्षेत्रमा ४.४ त्यस्तै गरि पुरुषको शहरी क्षेत्रमा २.८ गग्रमिण क्षेत्रमा २.६ रहेकको छ  भौगोलिक क्षेत्र अनसार हिमाली क्षेत्रमा पुरुष २.८ पहाडि क्षेत्रमा २.७ तराईमा २.५ महिला हिमालि क्षेत्रमा ३.४ पहाडिक्षेत्रमा ४.४ तराइमा ४.६ रहेको छ बिकास क्षेत्रको आधारमा महिला सबैभन्दा बढि सुदुर पश्चिमाअंचल विकास क्षेत्रमा ५.० कमीमा मध्यमाअंचल विकास क्षेत्रमा ३.४ रहेको छ त्यसैगरि पुरुष सबैभन्दा बढि बैवाहिकदर पूवाअंचल बिकास क्षेत्रमा ३.५ ,कमी पश्चिमाअंचल बिकास क्षेत्रमा १.७पुरुषको रहेको छ शिक्षामा महिला एस.एल.सी भन्दा

माथि २.५ माध्यमिक तह ३.६ प्राथमिक ३.६ र स्कुल नगएका निरक्षर ४.८रहेको छ त्यसैगरि पुरुषको शैक्षिक स्थिति हेर्दा एस.एल .सी भन्दा माथि बैवाहिकदर १.३ माध्यमिकतह २.७ प्रथमिकतह २.०र निरक्षर परुष ३.५ बैवाहिकदर रहेको देखिएको छ

वाल विवाहको क्षेत्रमा धेरै अध्ययन अनुसन्धान भएका छन् बेनेट (1983), फ्रिकि (1993) ले बाल विवाह सम्वन्धी गरेका अध्ययन अनुसन्धानहरु यस प्रकार रहेको पाइन्छ । विवाहका पक्षलाई समेटेको पाइन्छ तर वाल विवाहलाई केन्द्र मानेर गरिएका अध्ययन ज्यादै कम पाइन्छ । लि. बिनेट (१९८३) ले वाल विवाहको प्रमुख कारण परम्परागत सामाजिक तथा साँस्कृतिक मूल्य मान्यतालाई ठानेका छन् । छिटो विवाह वा वाल विवाह गर्ने प्रचलन रहेको छ समाजमा रहेका परम्परादेखी चलिआएका मूल्य मान्यता र ब्यवहारहरु कानुन भन्दा बलियो भएर रहेका कारणले समाजमा छिटो विवाहलाई निरनतरता दिएको हुन्छ ।( Bennet1983)

विवाह श्रमको सरसापटको रुपमा पनि रहेको पाइन्छ । वैवाहिक नातासम्वन्ध वाट नै श्रमीककोको वृद्धि विस्तार भएको पाइन्छ । अर्मपर्म गर्ने सजिलो विवाहबाटनै आर्थिक रुपमा वृद्धि हुने देखिन्छ (Frickey1993)।

विवाह गर्ने उपयुक्त उमेर कानुनी रुपमा १६ वर्ष भन्दा माथि हो तर नेपालका ४० प्रतिशत महिलाहरुको १८ वर्ष नपुग्दै विवाह भएको हुन्छ । अनि किशोर अवस्था १४, १५ वर्षमा नै पहिलो बच्चा खतरापूर्ण रुपमा जन्माउँछन् जसले गर्दा बालमृत्युदर, मातृशिशु मृत्युदर उच्च रहेको हुन्छ । (UNICEF, 2002)

मेचिकालि डट् कम २०६७ भदौ २४ पत्रिका अनुसार सामाजिक रितिरिवाज अनुसार रुकुममा अझैसम्म पनि वाल विवाह यथावत स्थितीमा रहेका पाइन्छ । रुकुमका गाँउमा अझसम्म १०% वाल वालिकाको सानैमा विवाह हुने गरेको पाइन्छ बावु आमालेनै छोराछोरीलाई सानै उमेरमा विवाह गरिदिने गरेको छन् । उमेर नपुग्दै विवाह गरेका कारण बझाङका थुप्रै महिला घरेलु हिंसाको शिकार भएका छन् । अशिक्षा, गरिबि, बेरोजगार, जनचेतनाको कमीले गर्दा वाल विवाह हुने गरेको छ ।

वाल विवाहकै कारण पठाई छोड्नु पर्ने, बाल वच्चा जन्मिएमा कुपोषण हुने, बच्चा पाउन कठिन हुन समस्या डा. विनोद गिरीले वताउनु हुन्छ ।

नगरिक दैनिक २०६७ श्रावण १२ को अनुसार आजको बैज्ञानिक युगमा पनि बारा-३ जितपूर स्थित डोम समुदायमा वाल विवाह कायमै रहेको पाइन्छ । यस डोम समुदायका अधिकांश वालवच्चाको विवाह ५-६ वर्षको उमेरमा गरिन्छ । शारिरिक रुपमा काम गर्न सक्ने भएपछि १०-१२ वर्षको उमेरमा बेहुलीलाई गौना गरि केटाको घरमा लगिन्छ गौनामा केटी पक्षले केटालाई कबुल गरेको दाइजो दिने गरिन्छ । डोम समुदायमा वाल विवाह गर्नुको कारणमा जति छोरी बड्दै गयो त्यतीनै धेरै दाइजो दिनु पर्ने, केटा नपाइने जस्ता कारणलाई अगाडी बढाएका छन् यो समुदायमा पनि शिक्षाको अभाव, बेरोजगारी जस्ता समस्याले गर्दा वाल विवाह गरिएको देखिन्छ ।

तराईका कतिपय समुदायहरुमा आजसम्म पनि वालवालिकाको सानो उमेरमानै विवाह गर्ने गरेको देखिन्छ । सानो उमेरमा विवाह गर्ने र जवान भएपछि वा शारिरिक रुपले सक्षम भएपछि १२-१३ वर्षको उमेरमा गौना गर्ने प्रचलन रहि आएको छ । वाल विवाहले वाल वालिकाको शारिरिक, मानसिक, मनोवैज्ञानिक रुपमा असर पारेको पाइन्छ । जवान भएपछि अधिकांश केटाकेटीहरुमा आफ्नो गौना कहिले होला भन्ने समस्याहरु आउछन् जसले गर्दा पढाइमा मन नलाग्ने, धेरै सोच्ने खालका असरहरु देखा परेको पाइन्छ (रेग्मी, २०४३)।

पुर्ववर्ती अध्यनहरुले विवाह गनै उमेर र त्यसका कारणहरुलाई विभिन्न पक्षहरुबाट हेर्ने तथा बुझ्ने गरेको पाइन्छ।तर नेपालको तरँय मधेस क्षेत्रमा बालबिवहा को रुपमा रहेको गौना लाइ बुझ्ने काम कमि भएको देखिन्छ त्यस कारण मधेसी समुदायमा सानै उमेरमा हुने बालबिवहा र गौनालाइ लिएर यस अध्ययन अनुसन्धान गर्न लागिएको हो

# अध्याय तीन

# अनुसन्धान पद्दती

## ३.१ अध्ययन क्षेत्रको छनोट गर्नुको औचित्य

मैले मेरो सोधपत्र अध्ययनको लागि लुम्विनी अञ्चल, रुपन्देही जिल्लाको गोनहा गा.वि.स. को वडा नं. १ र २ मा रहेका मधेसी समुदायलाई समावेश गर्नेछु । यो समुदाय भैरहवा बजार देखी करिब १५ कि.मि. को दुरीमा रहेको छ । म भैरहवाको स्थायी बासिन्दा हु, यो समुदाय मेरो परिचित समुदायमा पर्दछ । यस समुदायमा हुदै आएको वाल विवाह धेरै पहिले देखिनै मैले देख्दै आएको छु । यस समुदायमा ४-५ वर्षका वाल बच्चाहरुको विवाह भएको देखेर मलाई यस समुदाय प्रति जानकारी प्राप्त गर्न र यहाँको वाल विवाहको वारेमा अध्ययन अनुसन्धान गर्ने इच्छा लागेको हुदा मैले यसै ठाँउलाई मेरा अध्ययनको केन्द्रस्थल बनाएको छु ।तराईका धेरै ठाउमा गौना प्रथा कायम छ तराइका सबै क्षेत्रमा कायम गौना प्रथालाइ बुभ्न यस किसिमको अध्ययामा असंभब छ तसर्थ मैले गोनहा गा वि स लाइ तराइमो प्रतिनिधिमुलक प्रतिनिधिको रुपमा यहा प्रस्तुत गरीएको थियो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धान कार्यमा मुलत वर्णनात्मक, विश्लेषणत्मक अनुसन्धान ढाँचावाट मधेसी समुदायको वाल विवाह गौनाको अध्ययन गरिएको छ अध्ययन स्थलमा देखिएका घटना विवरणहरुलाइ व्याख्या विश्लेषण गरिएको छ । गौना प्रथा रहनुका कारणहरु त्यसको सामाजिक, आर्थिक,धार्मिक पक्षलाई बभ्कन प्रस्तुत अनुसन्धान ढाचाले मद्दत गर्नेछ भन्ने आशा गरिएको छ ।

## ३.३ अध्ययनको श्रोत/प्रकृती

यस अध्ययनमा प्राथमिक र द्वितिय तथ्यङ्कहरु समावेश गरिएको छ। प्राथमिक अन्तर्गत अध्ययन क्षेत्रमा गएर तथ्याङ्क सकलन र घटनाको सुक्ष्म अध्ययन,अवलोकन,अन्तर्वाता गरियो भने द्वितिय तथ्याङ्क अन्तर्गत स्थानिय द्वितिय तथ्याङ्क, राष्टिय स्तरका द्वितिय तथ्याङ्क के त वि र पूर्व साहित्य,प्रकाशित लेख रचना,शोधपत्र आदि बाट संकलन गरियो।

## ३.४ नमुना छनोट प्रकिया

यो शोधपत्र गोनहा गा वि स को वडा न १र २ मा बसोबास गर्न मधेसी समुदायलाई आधार मानेर तयार पारिएको हो यस शोधपत्रको उद्देश्य पुरा गर्नको लागि निम्न अनुसारको नमुना छनोट प्रकिया अपनाईएको छ। गोनहा गा वि स का वडा न १र२ लाई मात्र नमुना छनोट को लागि लिइएको छ। यस वडा का पनि ५४घरपरिवार लाई मात्र छनोट गरिएको छ। घरपरिवार छनोट गर्दा बालविबहा र गौना भएको घरलाई मात्र समावेश गरिएको छ। यि वडामा जम्मा २६३ घरपरिवार बाट ५४ घरपरिवारलाई मात्र समावेश गरिएको छ ।

नमना छनोट को लागि Systematic Random Sampling विधि प्रयोग गरिएको थियो सर्वप्रथम universesमा रहेको २६३घरपरिवारको नामावलि सम्बन्धित गा वि स बाट प्राप्त गरियो प्राप्त नामावलीलाई वर्णानकम अनुसार सुचि बनाइयो पहिलो अंक उद्देश्यमलक ढङ्गबाट छानियो भने घरहरु ५ को अन्तरालमा छानियो ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु

यस अध्ययनको उद्देश्य पूरा गर्नेको निम्ति विभिन्न किसिमका विधि र तरिकाहरु अपनाइएको थियो । ती विधिहरुको प्रयोग र कस्ता विधिहरु अपनाइए भनी तल विस्तृत रुपमा चर्चा गरिएको छ ।

### १ अनुसूची विधि

यस अध्ययनमा गोनहा गा.वि.स.का वडा नं. १ र २ का ५४ घर परिवारलाई समेटि प्रश्नावली निर्माण गरिएको थियो । प्रश्नावलीमा बालविवाह के-कसरी हुने,किन हुने राम्रो नराम्रो के छ । गौनालाई निर्धारण गर्ने तत्वहरु तिलकको प्रथा, तिलक निर्धारण गर्ने प्रकियाहरु आदि बारे प्रश्न सोधिएको थियो उतरदाताले दिएका उतरहरु अनुसन्धानकर्ता स्वयमबाट अनुसुचिमा भर्ने काम गरिएको थियो।

### २) अन्तर्वार्ता

अध्ययन स्थलका ५४ घर परिवारका घरमूलीहरु र विवाह गरेका दुवै वडाबाट २७, २७ जना बिवाहित केटीहरुसँग अन्तर्वार्ता लिइएको थियो, अन्तरवार्तामा विवाह, गौना, तिलक, गौनामा प्रभाव पार्ने तत्व सानोमा विवाह किन गरिन्छ, विवाह राम्रो हो वा होइन के कति तिलक दिनुभयो, आर्थिक प्रणाली के-कस्तो जग्गा जमिन के कति जस्ता कुरालाई प्रश्ना बनाई अन्तरवार्ता लिइएको हो ।

### ३) अवलोकन

यस शोधपत्र अध्ययन गर्ने क्रममा मैले केही त्यस्ता सामाजिक रितिरिवाज परम्परा अनुरुपका संस्कारहरु देख्ने र अवलोकन गर्ने अवसर प्राप्त गरे अध्ययनकै क्रममा एउटा बालविवाह एउटा गौना गरेको देख्ने अवसर पाए यसमा बालविवाह किन, गरिन्छ कसरी गरिन्छ भन्ने करा प्रत्यक्ष अवलोकन गर्न पाइयो । गौनामा तिलक निर्धारण कसरी हुन्छ । पहिलाको दशकमा तिलक कस्तो थियो अहिले कस्तो छ भन्ने प्रकिया लाइ अवलोकन गरियो।

### ४) वैयक्तिक घटना अध्ययन

यस शोधपत्रको अध्ययन गर्ने क्रममा मधेसी समुदायमा रहेको तिलब र विवाह, गौना गर्ने उमेरमा कसरी परिवर्तन हुँदै आएको छ भनी एउटै घरका ३ पुस्ता हजुर

आमा, आमा, नातीनीलाई एकै ठाउँमा राखी विवाह, विवाह गर्ने उमेर, गौना, तिलक, समाजको संरचनाको बारेमा प्रश्नउत्तर गरी वैयक्तिक घटनाको अध्ययन गरिएको छ ।

### ३.६ अनुसन्धान प्रक्रिया, सिमा र अनुभव

मैले मेरो शोधपत्र तयारीको लागि रुपन्देही जिल्लाको गोनहा गा.वि.स.को १ र २ वडार्ला समावेश गरेकी छु । अध्ययन अनुसन्धानको क्रममा म अध्ययन क्षेत्रमा पुगदा मैले त्यहाँको विभिन्न सामाजिक, साँस्कतिक र कमजोर आर्थिक प्रणालीलाई हेर्ने र बुभ्ने अवसर प्राप्त गरे । अध्ययन अनुसन्धानका क्रममा मैले उत्तरदाताहरुसँग प्रत्यक्ष भेटघाट गरी उनीहरुको पूर्खादेखि चलिआएको सामाजिक परम्पराहरुलाई बुभ्ने अवसर प्राप्त गरे कसरी पूर्खा देखि अहिलेको समयसम्म आफ्नो संस्कृति मूल्यमान्यता निरन्तर रुपमा हस्तान्तरण भइरहेको छ । आधुनिकीकरण पाश्चात्य संस्कृतिले किन त्यहाँ प्रभाव पारेको छैन किन त्यहाँको मानिसहरु राजनीतिक पक्षबाट टाढा रिरिरहेका छन् भन्ने जस्ता कुराहरुलाई बुभ्ने अवसर पाएँ ।

त्यहाँ बस्ने र मानिससाग भेटघाट गर्ने क्रमा कोही भेट नै डराउने कोही उत्तर दिन लजवाउने प्राय जसो घरका श्रीमानहरु बाहिर देनिक रोजगारीका लागि गएको हुँदा धेरे श्रीमतीहरु सग  मात्र भेट भयो । मेरो विषयवस्तुमा बालविवाह भएका महिला वा केटहिरु सँग पनि प्रश्न उत्तर थियो तर कतिपय ठाउँमा हामीले जवाफ दिएमा आफ्नो गौना रोकिदिन्छ भनी विवाहति नानीहरु घरभित्र पसे भने अभिभावकले पनि गाह्रो माने भने कहिँ सजिलैसँग भेटघाट गरियो ।

यसै क्रममा मैले गौना टुट्ने कारण किन गौना टुट्दो रैछ भन्ने बारेमा जान्ने अवसर पाए । स्थानीय एक बासिन्दाले छोराको १० वर्षको उमेरमा वगौडीयाकी एक कन्यासँग विवाह गरेका र विवाह गरेको २ वर्ष पछि सो कन्या मुसलमान सँग पोइला गएको र यस्तो पोइला गएकोलाई आफ्नो गौना नल्याउने भनी दुलहाको बाबुले दुलहकिो बाबुलाई नगद रु. ४०,००० जरिवाना तिरी आफ्नो छोरीको विवाह अन्यत्रै गरेको पनि देखियो भने विवाहमा कम तिलक ल्याएको भनी घरेलु हिंसामा परेकी नर्वदा अहिरको कथा व्यथा पनि सुन्ने अवसर पाइयो ।

अधिकांश मानिसहरुको आर्थिक प्रणाली भनेको कृषि पेशा, वस्तुभाउ पाल्नु, जग्गा जमिन कमाउनु छोरा मान्छेहरु दैनिक मजदुरीको लागि जानु भने महिलाहरु घरमा बसी घरको कामकाज गर्ने माटोको चुल्लो भुजाको लड्डु बनाई बजार पठाउने गरेको पाइयो । अधिकांश केटाकेटीहरु कक्षा ५ सम्म मात्र पढ्को विवाह भएपछि पढाई छाड्ने पढेता पनि गौना गरे पश्चात केटी र केटा दुवैले पठाइ छाडेको अवस्था देखियो ।

मधेसी समुदायमा गौना गरी लगेपछि जति वर्ष वा महिना आफ्नो बुहारीलाई काम नगराई घरमा राख्ने हो भने जसले बढी राख्छ । उसको समाजमा इज्जत वा मान स्थिति उच्च रहेको हुँदो रहेछ ।

विवाहमा प्रायःजसो साइकल, गहना, लत्ताकपडा, हाँस, कुखुरा, भैंसी पनि दाइजोको रुपमा दिइने रहेछ । विवाहमा आमन्त्रित मानिसले चामलमाथि श्रृंगारका कुराहरु राखि दषिण वा लत्ता कपडा दाइजोको रुपमा दिने गर्दै रहेछ । प्रायजसो विवाह भएपछि केटीहरको पठाई बिचमै रोकिँदो रहिछ भने पढेकाको पनि गौना पश्चात् पठाई पूर्ण रुपमा रोकिएको देखियो ।

समाजमा आफ्नो परम्परा रितिरिवाज छोड्नु हुँदैन । निरन्तरता दिनुपर्छ भन्ने मान्यता अधिकांशको रहेको छ । आफ्नो परम्परा छोडेन । समाजबाट एक्लो भइन्छ भन्ने डरले बालबालिकाको सानोमा नै विवाह गरेको देखियो ।

- यस अध्ययनमा मधेसी समुदायको सामाजिक, साँस्कृतिक, शैक्षिक, आर्थिक पक्षहरुलाई समेटिएको थियो ।
- वाल विवाहलाई प्रोत्साहन गर्न दाइजो (तिलक) प्रथाको बारेमा पनि अध्ययन गरिएको थियो
- वाल विवाह पछि को स्वास्थ्य समस्यालाई पनि यस अध्ययनमा समावेश गरिएको थियो।
- वाल विवाहमा प्रभाव पार्ने सामाजिक, साँस्कृतिक, आर्थिक पक्षहरुको अध्धयन बिस्तृत रुपमा गरिनेछ ॥

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

रुपन्देही जिल्ला नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अंचलका ६ जिल्लाहरु मध्ये तराईमा पर्ने एउटा जिल्ला हो । ८३१२१६ देखि ८३३८१६ पूर्वी देशान्तर र २७,२०,०० देखि २७०४७२५ उत्तरी अक्षांशमा अवस्थित यस जिल्लाको पूर्वमा नवलपरासी, पश्चिममा कपिलवस्तु उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ । गौतम बुद्धको पवित्र जन्म स्थलको रुपमा विश्वकै परिचित यो जिल्ला ऐतिहासिक, भौगोलिक एवं पर्यटकीय दृष्टिले ज्यादै महत्वपुर्ण मानिन्छ । यस जिल्लाको क्षेत्रफल १३६० वर्ग किलोमिटर रहेको छ । यस जिल्लाको कूल भूभाग मध्ये ६०.२१ प्रतिशत कृषि क्षेत्रमा २०.२८ वन क्षेत्रमा, ६.२८ प्रतिशत चरन क्षेत्र ४.२१ प्रतिशत आवास क्षेत्र १.७४ प्रतिशत जल क्षेत्र ०.२९ प्रतिशत पहाड चट्टान क्षेत्र र ६.६९ प्रतिशत सडक लगायत अन्य क्षेत्रले ओगटेको छ । यस जिल्लामा २ वटा नगरपालिका र ६९ वटा गा.वि.स.हरु रहेको छ ।

यसै जिल्लाको गोनहवा गा.वि.स.लाई मैले मेरो अध्यनमा समावेश गरेकी छु । यो गा.वि.स. भैरहवाबाट करिब १५ कि.मी. को दुरीमा रहेको छ । यसै गा.वि.स.को क्षेत्रफल २१.८९५  वर्ग किलोमिटर रहेको छ । यस गा.वि.स. मा १५५३ घर धुरी रहेको छ भने जम्मा जनसंख्या १२०२८ रहेको छ । जसमा जम्मा पुरुष ६०६५ र जम्मा महिला ५९६३ रहेको देखिन्छ । यस गा.वि.स.मा मधेसी बाहेक ब्राह्मण, क्षेत्री, मगर, थारु, तामाङ, नेवार आदि रहेको पाइन्छ । यस गा.वि.स. को कूल साषरता दर ४० प्रतिशत रहेको पाइन्छ त्यसमा महिला साक्षरता दर भने न्यून अवस्थामा रहेको छ । यस क्षेत्रको आर्थिक प्रणालीमा कृषि सामान्य रोजगारी, पशुपालन रहेको छ ।

मैले अध्ययन गर्न लागेको वडा गोनहा गा.वि.स. को वडा नं. १ र २ रहेको छ । जुन पर्यटकीय स्थल लुम्बिनीको नजिक रहेको छ । यस वडामा विभिन्न गाउँहरु पर्दछन् वडा नं. १ मा दुगौलीया, नौकट्टीया, मकरी, पिपहवा पर्दछ भने वडा नं. २ मा

शिवपुर फुराइनी, कुट्टाहवा, लोदीहवा गाउँहरु पर्दछन् वडा नं. १ मा जम्मा जनसंख्या १३८५ रहेको छ जसमा पुरुष ७३८ र महिला ६४७ रहेको पाइन्छ भने वडा नं. २ मा जम्मा जनसंख्या ७३७ रहेको छ जसमा पुरुष ३९७ र महिला ३४० रहेको छ । यस वडाका मानिसको पेशालाई हेर्दा वडा नं. १ मा कृषिमा महिला ५२ प्रतिशत पुरुष ४८ प्रतिशत रोजगारीमा महिला ०.७५ प्रतिशत पुरुष २.१ प्रतिशत शिक्षामा महिला २१ प्रतिशत पुरुष ७८ प्रतिशत साक्षर रहेको देखिन्छ । वडा नं. १ को औषत परिवार संख्या ४० प्रतिशत रहेको छ भने वडा नं. २ मा हेर्दा कृषिमा महिला ३९ प्रतिशत, पुरुष ५७ प्रतिशत, शिक्षामा महिला १९.४ प्रतिशत, पुरुष ६८.३ प्रतिशत, रोजगारीमा महिला १.३ प्रतिशत, पुरुष २.४६ प्रतिशत जम्मा औषत परिवार संख्या ३५ प्रतिशत रहेको देखिन्छ ।

विद्यालय जाने केटाकेटीको संख्या वडा नं. १ मा केटी १० प्रतिशत केटा २५ प्रतिशत स्कूल गएको पाइयो भने वडा नं. २ मा केटी १२ प्रतिशत, केटा २० प्रतिशत स्कूल गएका त्यसमा पनि र कक्षा भन्दा तल मात्र पढ्ने पाइयो भने एस.एल.सी. सम्म पुग्नेमा ८-९ जना केटाकेटी मात्र भेटियो ।

शैक्षिक स्थितिमा यस गा.वि.स. मा प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक विभिन्न सरकारी तथा गैर सरकारी क्याम्पसहरु संचालित अवस्थामा रहेको पाइन्छ । साथै विभिन्न संघ संस्थाबाट संचालित प्रौढ शिक्षा पनि स.चालनमा देखिन्छ । सूचना तथा संचारमा अतिरिक्त हुलाक, हुलाक कार्यालयहरु टेलिफोन सेवा, मोबाइल संचालनमा देखिन्छ ।

यस क्षेत्रका घरहरुको सामाजिक आर्थिक अवस्थालाई हेर्दा यिनीहरु आफ्नै परम्परागत सामाजिक मूल्य मान्यता अपनाई रहेको देखिन्छ । आर्थिक स्थितिलाई हेर्दा कृषि क्षेत्रमा लागेको दैनिक मजदुरी गर्ने, पशुभाउ पाल्ने जग्गा जमिन कमाउने गरी आर्थिक स्थिति गुजारेको पाइन्छ ।

मेरो अध्ययन क्षेत्रमा परेका ५४ घरपरिवारको समूहलाई हेर्दा महिला ९० जना पुरुष ११० जना भेटियो यहाँको शैक्षिक स्थिति सामान्य रुपमा आमाहरु साक्षर मात्र र

छोराछोरी ५ कषा सम्म पढेको भने २ केटी र ३ केटाले एस.एल.सी. पास गरेको देखियो । आर्थिक पेशामा महिलाहरु कृषि, वाली र घरको कामकाज भुजाको लडु बनाउने चुल्यो बनाउने गरेको र छोरा मान्छे कृषिमा काम गर्ने दैनिक रोजगारीमा हिँडेको पाइयो । अधिकांशको १० कट्ठा भन्दा तल नै खेतीपाती वा जमिन रहेको अरुको कमाउने गरेको पाइयो ।

यसरी गोनहा गा.वि.स.मा विभिन्न उद्योग धन्दाहरु संचालित अवस्थामा रहेको पाइयो । यस क्षेत्रको स्थानीय बजारको रुपमा पडरिया बजार बेलिहिया बजारहरु छन् भने मुख्य बजारमा भैरहवा बजार वा भारतको सुनौली नौतुना बजार रहेको देखिन्छ । यस गा.वि.स. भित्र पर्यटकलाई लक्षित गरी होटल न्यू लुम्बिनी गार्डेन, होटल बुद्ध रहेको पाइन्छ ।

**तालिका नं. ४**

**गोनहा गा.वि.स.मा रहेका जनसंख्या र वडाको घरधुरी र जनसंख्या**

| गा.वि.स. | वडा नं. | घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| गोनहा | | १५५३ | ७०७५ | ५९६३ | १२२८ |
| | १ | १५० | ६४७ | ६४७ | १३८५ |
| | २ | ११३ | ३४० | ३९७ | ७३७ |

**रुपन्देहि २०५८ प्रोफाइल**

**तालिका नं. ५**
**गोनहा गा.वि.स. मा रहेका जातजाती को जनसख्या**

| जातजाति | घरधुरी | जम्मासंख्या |
|---|---|---|
| ब्राह्मण | ५० | २६० |
| क्षेत्री | ४० | २२५ |
| थारु | २० | ११० |
| राजवंशी | २५ | १६७ |
| तमाङ | २० | ९४ |

## तलिका नं. ६

## उमेरका आधारमा नमुना छनोटमा परेका घरधुरीको जनसख्या

| उमेर | पुरुष | महिला | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| ० ५ | १० | १२ | २२ | १०.८९ |
| ६ १४ | ३० | २५ | ५५ | २७.२२ |
| १५ ५९ | ६० | ४५ | १०५ | ५१.९८ |
| ६०माथि | १० | १० | २० | ९.९० |
| जम्मा | ११० | ९२ | २०२ | १०० |

रुपन्देहि प्रोफाईल २०५८

अध्ययन क्षेत्रको जनसख्या लाई हेर्दा ० – ५ उमेर समुहको जनसख्या १०.८९प्रतिशत रहेको छ। ६ – १४ उमेर समुहको जनसख्या २७.२२प्रतिशत रहेको छ। १५ – ५९ उमेर समु हको जनसख्या ५१.९८ प्रतिशत रहेको छ। त्यसैगरि ६०वर्ष माथिको जनसख्या९.९० रहेको छ।यसरी हेर्दा सबै भन्दा बढि जनसख्या १५ ५९ उमेर समुहको रहेको छ।

## तालिका नं. ७

## पेशाको आधारमा महिला पुरुष सख्या

| पेशा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि | ३० | ३७.५ | २० | २० | ५७ |
| दैनिक मजदुरी | १५ | १८.७५ | ३० | ३० | ३८ |
| रोजगारी | ५ | ६.२५ | ७ | ७ | १३.२५ |
| व्यापार | १० | १२.५ | १३ | १३ | २५.५ |
| विद्यार्थी | २० | २५ | ३० | ३० | ५० |
| जम्मा | ८० | १०० | १०० | १०० | |

रुपन्देहि प्रोफाइल, २०५८ ।

अध्ययन क्षेत्रमा पेशाको आधारमा जनसख्या हेर्दा कृषिमा महिला ३७.५ प्रतिशत, पुरुष २० प्रतिशत, दैनिकमजदुरी महिला १८.७५ प्रतिशत, पुरुष ३० प्रतिशत, रोजगारी महिला ६.२५ प्रतिशत, पुरुष ७ प्रतिशत, व्यापारमा महिला १२.५ प्रतिशत, पुरुष १३ प्रतिशत, विद्यार्थी महिला २५ प्रतिशत, पुरुष ३० प्रतिशत रहेको देखिन्छ ।

**तालिका नं. ८**

**साक्षरताको आधारमा जम्मा जनसख्या**

| शिक्षा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा % |
|---|---|---|---|---|---|
| साक्षर | २० | २५ | ३० | ३० | ५५ |
| निरक्षर | ४३ | ५३.७५ | ५० | ५० | १०३ |
| S LCमाथि | २ | १८.७५ | ३ | १७ | ३५.७५ |
| S L Cतल | १५ | २.५ | १७ | ३ | ५.५ |
| जम्मा | ८० | १०० | १०० | १०० | |

**रुपन्देहि प्रोफाइल २०५८**

मथि को तथ्याङ्ग अनुसार महिला साक्षरता २५ प्रतिशत, पुरुष ३० प्रतिशत, महिला निरक्षर ५३.७५ प्रतिशत, पुरुष ५० प्रतिशत, यस यल सी भन्दा माथि महिला २.५ प्रतिशत, पुरुष ३ प्रतिशत, यस यल सी भन्दा तल महिला १८.७५, पुरुष १७ प्रतिशत रहेको देखिन्छ ।

यसरी मेरो अध्ययन क्षेत्र गोनहा गा.वि.स.का वडा नं. १ र २ लाई छानेको हो । यही वडालाई नै आफ्नो अध्ययन क्षेत्र मानी यहाँका ५४ घरपरिवार त्यस घर परिवारका सदस्यहरुलाई लिएर मैले प्रश्नोत्तर तयार पारी तथ्यांक संकलन गरेको हो ।

# अध्याय पाँच
# तथ्याङ्कको विश्लेषण

गोनहा गा वि स को वडा १र २ लाई लिएर तयार पारिएको अनुसन्धान प्रकिया मा जम्मा ५४घरपरिवारलाई समेटिएको छ।जसमा घरको अभिभावक र बिवाहित छोरी लाई समेटिएकोछ।अध्ययन प्रकिया मा समेटिएका प्रश्न उतर बाट आएको उहरुलाई तल विश्लेषण गरिएको छ।

## ५.१ विवाह भनेको के हो ?

मधेसी समुदायमा आफ्नो परम्परा रितिरिवाजलाई बचाउने क्रममा छोराछोरीको सानै उमेरमा विवाह गरिन्छ । विवाह के हो भन्ने थाहा नपाउने उमेरमा नै बाबुआमाले छोराछोरीको विवाहको टुंगो लगाइदिने गर्दछन् । विवाह गर्दासम्म उनीहरुलाई विवाह के हो नै थाहा नहुँदै विवाह गरिदिन्छन् । विवाह पश्चात् केटीलाई आफ्नो घरपरिवार, संस्कार र कामधन्दा सिकाउनको लागि माइत मै राखि विवाह गरेको ४-५ वर्षपछि मात्र गौना गरी घरमा भित्र्याउने गर्दछन् पढ्ने उमेरका स-साना बालबालिकाहरु विवाह गरी सिन्दु, चुरा पोते लगाएको मधेसी समुदायमा धेरे केटीहरु देखिने गर्दछन् । विवाह के हो कसरी भयो भनी सोध्दा कोही जलाएर थाहा छैन भन्छन् भने कोही परम्परा रितिरिवाज हो, सिन्दुर चुरापोते, गरगहना लगाउनु हो भने कोलीले केटा जन्ती लिएर आएर सिन्दुर पोते दिएर जानु हो भन्ने जवाफहरु अध्ययन क्षेत्रमा भेटिए वास्तवमा विवाह के हो त कसैलाई पनि थाहा नहुँदै विवाह भइसकेको हुने गर्दछ ।

**तालिका नं. ९**

**उतरदाताको विचारमा विवाह**

| विवाह भनेको | जनसंख्या | प्रतिशत |
|---|---|---|
| सिन्दुर पोते चुरा, गरहना लगाउनु | १२ | २२.२२ |
| बेहुलाको घर जानु | ६ | ११.११ |
| महिला र पुरुष एक हुनु | ८ | १४.८१ |
| आफ्नो परिवार हो | ६ | ११.११ |
| बालबच्चा जन्माउनु बेहुलाको घरमा गएर बस्नु | ५ | ९.२५ |
| थाहा छैन | १७ | ३१.४८ |

स्थलगत अध्ययन, २०६७।

माथिको तालिका अनुार मधेसी समुदायका बालिकाहरुलाई विवाह भनेको के हो थाहा छ भनी प्रश्न सोध्दा सिन्दुर चुरा पोते गहना लगाउनु हो भनी २२.२२ प्रतिशत, बेहुलाको घर जानु ११.११ प्रतिशत आफ्नो परिवार हो ११.११ प्रतिशत महिला र पुरुष एक हुनु हो। १४.८१ प्रतिशत बालबच्चा जन्माउनु, ९.२५ प्रतिशत र थाहा छन् भन्ने ३१.४८ प्रतिशत रहेको पाइयो सबैभन्दा बढीमा थाहा नभएको ले भेटियो भने उत्रर भन्नेमा पनि सिन्दुर चुरा पोते गरगहना लगाउनु भनी बुझ्ने धेरै संख्यामा रहेको पाइयो।

## ५२ छोराको छिटो विवाह गर्ने कारणहरु

यस अध्ययन स्थलमा  रहेका बालबालिकाहरुको विवाह कसैको सानो उमेरमा नै हुन्छ भने कसैको १४,१५ बर्ष मा पनि हुने गर्दछ यसरी विवाह हुनुमा सामाजिक, सास्कृतिक मुल्य मान्यता अनुरुप मधेसी समाज निरन्तर रुपमा चलिरहेको छ।जसको कारणले बालबालिकाको सानो उमेरमानै विवाह गरि जिम्मेवारी बाट मुक्त हो प्रचलन छ। भने आफनो आर्थिक स्थिती कमजोर रहेको हुदा सानेमा विवाह गरेमा कमखर्च हुने छोराको छिटो विवाह गरेमा आएको तिलकले आफनो आर्थिक पक्ष सुधारन मद्दत पुग्ने

श्रमशतिको आपुर्ति हुने कुरामा विश्वस्त रहेको देखिन्छ। कतिपय ठाउँमा शिक्षाको कमि भएकोले,पारिवारिक घरायसी कारण पठाईछाडेर घरमै बसेकोले पनि देखिन्छ भने छोरीको अवस्थामा भने जति धेरै समय सम्म घरमा राख्यो त्यती धेरै खर्च बडने छिटो विवाह गरेमा छिटो घरजम हुन्छ।नातिनातिना देखिन्छ भनि  छिटो विवाह गरेका हुन्छन तर समग्ररुपमा हेर्दा आफनो परमपरा,रितिरिवाजमा विश्वास गरि यसलाई छोड्न हुदैन छोडेमा समाजबाट टाढा भैईन्छ भनि पनि छिटो विवाह गरेको पाईयो ।

## तालिका नं. १०

## छोराको छिटो विवाह गर्ने कारणहरु

| कारणहरु | जनसंख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक स्थिति कमजोर | ३४ | ७२.९६ |
| पढाई छाडेको | १५ | २७.७७ |
| घरायसी कामकाजमा सहयोग | २ | ३.७० |
| पारिवारिक | २ | ३.७० |
| अशिक्षित भएकोले | ४ | ७.४० |

स्थलगत अध्ययन, २०६७।

छिटो विवाहको कारणहरुमा आर्थिक स्थिति भई छिटो विवाह गर्ने ६२.९६ प्रतिशत पढाइ छाडी घरमै बसेको हुनाले अन्य कामकाज नभएको २६.६६प्रतिशत घरमा कामकाज गर्नेको लागि वा श्रमको मद्दत हुने भएकोले ३.७०प्रतिशत, पारिवारिक कारणले गर्दा ३.७०प्रतिशत र अशिक्षित भई चेतनाको विस्तार नभएको ७.४० प्रतिशत रहेको छ । यसरी हेर्दा सबैभन्दा बढी आर्थिक स्थिति कमजोर भएर पछि विवाह गर्न सकिँदैन । भनी छिटो गरेमो देखियो । सबैभन्दा कम घरायसी कामकाजमा सहयोग र पारिवारिक आफ्नै कारणले गर्दा रहेको देखियो ।

## ५.३ छोरीको छिटो विवाह गर्नुको कारणहरु

यस मधेसी समुदायमा रहेका प्रायजसो घरधुरीहरुमा छोरीको विवाह सानै उमेरमा गरेको देखियो । छोरीलाई पढाएर राखेमा केही काम लाग्दैन । छोरीलाई छिटो विवाह गरेमा राम्रो वर राम्रो घर पाइन्छ । जसले गर्दा ढिलो विवाह नगरी छिटो विवाह गरेको देखियो । ढिलो विवाह गरेमा छोरीलाई धैरै समयसम्म घरमा राखेमा पारिवारिक बोझ हुने छोरीको विवाह गर्ने गाह्रो हुने छोरी पोईला जान्छ भन्ने डरले गर्दा यस समुदायमा छोटो विवाह गर्ने प्रचलन रहेको छ ।

छोरीको छिटो विवाह गरेमा कम खर्च लाग्ने छोरीको छिटो घरबाट बस्ने छिट्टै नै नाती नातीनाको मुख देख्ने भन्ने अन्धविश्वासले गर्दा छिटो विवाहको चलन बसेको हो । आफ्नो रितिरिवाज, परम्परा मूल्य मान्यतालाई कडा रुपमा यस समुदायमा अपनाएको पाइन्छ । फलस्वरुप आफ्नो मूल्य मान्यता बचाइ राख्नको लागि र आफ्नो समाजको अस्तित्व बचाइ राख्नको लागि समाजमा बाल विवाहलाई निरन्तरता दिइरहेका छन् आफ्नो परमपरालाई छोडेमा आफ्नो संस्कृति हराउँछ यसलाई बचाइराख्न पर्छ यसर्लाइ छोड्न खोजेमा समाजबाट एक्लो भइन्छ भन्ने सोचले नै बालविवाहलाई अगाडि बढाएको छ । त्यहाँको मानिसमा शिक्षाको कमीले गर्दा नै बालविवाह रहिरहेको देखिन्छ।

**तालिका नं. ११**
**छोरीको छिटो विवाह गर्ने कारणहरु**

| छोरीको विवाह गर्नुको कारण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| मानिसमा अशिक्षा भएकोले | ५ | ९.२५ |
| सामाजिक संस्कृति परम्पराले | २८ | ५१.८५ |
| आर्थिक स्थिति कमजोर | १५ | २७.७७ |
| छोरी पोइला जान्छ भनेर | ६ | ११.११ |
| जिम्मेवारीबाट छिटो उम्किन | ८ | १४.८१ |
| राम्रो वर पाइने | ४ | ७.४० |

स्थलगत अध्ययन २०६७

छोरीको छिटो विवाह गर्ने कारणहरमा मानिसमा अशिक्षा भएकोले चेतनाको कमीले ९.२५ प्रतिशत सामाजिक सांस्कृतिक परम्परालाई छोड्न नसकेर ५१.८५ प्रतिशत आर्थिक स्थिति कमजोर भएकोले २७.७७ प्रतिशत छोरी पोइला जान्छ गयो भने समाजमा इज्जत जान्छ भनेर ११.११ प्रतिशत छोरी विवाह गरेपछि जिम्मेवारीबाट छिटो पन्छिन्छ भनेर १४.८१ प्रतिशत र छोरीलाई छिटो विवाह गरेमा राम्रो घर राम्रो वर पाइने भकोले ७.४० प्रतिशत रहेको छ । सबैभन्दा बढी सामाजिक, साँस्कृतिक परम्पराले गर्दा र कम राम्रो वर पाइने घरजम छिटो वसेमा राम्रो हुन्छ भन्ने रहेको छ । अध्ययन क्षेत्रमा अर्न्तजातिय विवाह वर्जित छ । यदि छोरी ढुलि भएपछि विवाह र्गने सोच राख्यो भने अन्य जातीसमुह सग प्रेम विवाह पनि हुन सक्छ त्यस कारणले गर्दा मधेसी समुदायमा छोरीको छिटो विवाह हुने गरेको पाइयो

## ५.४ बालविवाह गर्नुका कारणहरु

मधेसी समुदायमा सबै बालबालिकाको सानोमा नै विवाश गर्ने प्रचलन रहेको छ । सानोमा नै विवाह र अलि ठूली भएपछि गौना गरिन्छ । उनीहरुको आफ्नो सामाजिक सांस्कृतिक परम्परा र रितरिवाज अनुरुप बालविवाह गरिएको हुन्छ । सानोमा नै विवाह गरी दुलहा ठिक्क पारी राखेको हुन्छ । विवाह गरेको २-३ वर्षपछि फेरि गौना गरी केटीलाई केटाको घरमा भित्र्याउने प्रचलन रहेको छ । यसरी बालविवाह यो समुदायमा अझै पनि हट्न सकेको छैन । यहाँको बालबालिकाको सानै उमेरमा विवाह गरेको पाइन्छ । यसरी बालविवाह यो समाजबाट नहट्नुको पछाडि के कस्ता कारणहरु समाजमा विद्यमान रहेका छन् भनी अध्ययन अनुसन्धान गर्दा आर्थिक कारण, चेतना वा शिक्षाको कमी, मधेसी समुदायमा सानोमा विवाह गर्ने भएकोले उमेर बढेपछि बेहुला नपाउने, पुरानो सामाजिक सांस्कृतिक परम्परा र रितिरिवाजलाई छोड्न नसकेर भने कहिँ कतै राज्य पक्षबाट मधेसी समुदायलाई उपेक्षा गरेको हुनाले भन्ने जवाफहरु आए भने प्रायजसोले आर्थिक अवस्था कमजोर भएको र छिटो विवाह गरे जिम्मेवारीबाट उम्कने सवालहरु बताए ।

**तालिका नं. १२**

**बालविवाह गर्नु का कारणहरु**

| बालविवाह गर्नुका कारणहरु | जनसंख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक कारण | ३२ | ५९.२५ |
| अशिक्षाका कारण | २३ | ४२.५९ |
| उमेर बढी भएमा बेहुला नपाउने | ५ | ९.२५ |
| पुरानो सामाजिक, साँस्कृतिक परम्परा | २३ | ४२.५९ |
| राज्य पक्षबाट बेवास्ता | ३ | ५.५५ |

स्थलगत अध्ययन२०६७

उपुयुक्त तालिका अनुसाल बाल विवाह गर्नुको कारणहरुमा आर्थिक कारण ५९.२५ प्रतिशत अशिक्षाको कारण ४२.५९ प्रतिशत उमेर बढी भएमा बेहुला नपाउने ९.२५ प्रतिशत पुरानो सामाजिक, साँस्कृतिक परम्परा ४२.५९ प्रतिशत र राज्य पक्षबाट बेवास्ता गरिएकोले ५.५५ प्रतिशत । यसरी सबै भन्दा बढी आथिृक स्तर कमजोर रहेको हुनाले र कममा राज्य पक्षबाट बेवास्ता गरिएकोले सबैभन्दा कम मतरहेको पाइयो । यसरी हेर्दा आर्थिक पक्षले र सामाजिक, साँस्कृतिक परम्पराले नै बालविवाहलाई बढी प्रभाव पारेको देखिन्छ ।

## ५.५ रोजगारी तथा पेशा

मधेसी समुदायका मानिसहर प्रायःजसो बेरोजगारीकै अवस्थामा रहेका छन् । सामान्य रुपमा खेतीपानी पशुपालन र द्रैनिक रुपमा ज्यालादारी कामकाज मान गरेको देखिन्छ भने महिलाहरु घरमा बस्ने घर गृहिणीको कामकाज र खेतीबारीमा हेर्ने देखियो भने कसैले भुजाको लडु बनाएर बच्ने कसैले आगो बाल्ने चुल्यो बनाएर बजार पठाउने गरेको पनि देखियो । आफ्नो धेरै जमिनमा उब्जिएको अन्नबालीले मात्र नपुगी मेलापातमा पनि महिलाहरु सहभागी हुने गरेको देखियो । सामान्य रुपमा दैनिक जीवनयापन गर्नको लागि कृषि, सानोतिनो व्यवसाय, दैनिक रोजगारी, रोजगारी पनि गरेको देखिन्छ । औद्योगिक क्षेत्रको बिचमा रहेको हुनाले यो वडा प्राय जसो दैनिक

ज्यालादारमि लेवरी काम काजको लागि महिला र पुरुष दुवै गएको देखिन्छ । यसरी नै मधेसी समुदायमा गरिबीको साथसाथै दैनिक गुजारा चलाई रहेको देखियो ।

**तालिका नं. १३**

**रोजगारी तथा पेशा**

| रोजगारी तथा पेश | जनसंख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २० | ३७.०३ |
| व्यापार | ७ | १२.९६ |
| दैनिक नोकरी | १४ | २५.९२ |
| रोजगारी | ८ | १४.८१ |
| अन्य | ५ | ९.२५ |

स्थलगत अध्ययन २०६७

माथिको तालिका अनुसार मधेसी समुदायको रोजगारी तथा पेशालाई हेर्दा कृषि पेशा अपनाएर जिविकोपार्जन गर्नेहरु ३७.०३ प्रतिशत, सानोतिनो व्यापार व्यवसाय गर्ने १२.९६ प्रतिशत दैनिक रुपमा नोकरी काम गर्ने २५.८१ प्रतिशत रोजगारी गर्नेहरु र अन्य पेशा गर्ने ९.२५ प्रतिशत रहेको देखियो । यसरी हेर्दा प्राय: जसोले कृषि पेशा नै अपनाएको देखियो । कृषि पेशाबाट नै आफ्नो दैनिक जिवनयापन गरेको देखियो भने रोजगारी व्यापार व्यवसायमा कम मानिस संलग्न रहेको देखियो जसको कारण मधेसी समुदाय दिनप्रतिदिन गरिबी नै रहिरहेको अवस्था देखिन्छ । दैनिक रुपमा मजदुरी गरी दैनिक दिनचर्या बिताइरहेका छन् ।

## ५.६ मधेसी समुदायमा गौना हुनको कारणहरु

यस मधेसी समुदायमा सानोमा विवाह र अलि ठूलो भएपछि वा विवाह गरेको २-३ वर्षपछि गौना गरी दुलहीलाई तिलक सहित दुलाहाको घरमा भित्र्याउने चलन छ । यस्तो चलन यिनीहरुको पूर्खादेखि चलिआएको चलन हो जसको कारण यिनीहरुले आजको युगमा आइपुग्दा पनि गौना संस्कारलाई छोडेका छैनन् आफ्नो सामाजिक

रितिरिवाज मूल्य मान्यता परम्परालाई मधेसहिरुले निरन्तर रुपमा अगाडि बढाई रहेको देखिन्छ । मधेसी समुदायमा मात्र के कस्ता कारणले गर्दा गौण हुन्छ भनी प्रश्न सोध्दा कसैले आफ्नो आर्थिक स्थिति कमजोर भएकोले छिटो विवाह गरेमा थोरै खर्चमा उम्किनी कसैले सानोमा मात्र दुलहा पाउनि कसैले आफ्नो परम्परा रितिरिवाज भएकोले यसलाई छोड्न नसकेकोले त भने कसैले शिक्षाको चेतनाको अभावले गर्दा मधेसी समुदायमा सानोमा विवाह गरी पछि गौना संस्कार गरेको बताए । गौनामा पनि दुल्हा जन्ती आएर दुलहीलाई गहना कपडा सहित आफ्ना घरमा बुहारी बनाई भित्र्याउने गर्दछन् ।

**तालिका नं. १४**

**गौना हुनको कारणहरु**

| गौना हुनुको कारण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक, साँस्कृतिक परम्परा रितिरिवाजलाई छोडन् नसकेर | ४८ | ८८.८८ |
| चेतनाको कमी | १० | १८.५१ |
| आर्थिक स्थिति कमजोर भएकोले | ५ | ९.२५ |
| सानोमा वर पाउने ठूलो भएपछि नपाउने भएकोले | २ | ३.७० |

स्थलगत अध्ययन, २०६७ ।

मधेसी समुदायमा गौना हुनुको कारणहरमा सामाजिक सांस्कृतिक परम्परा रितिरिवाजलाई छोड्न नसके.र ८८.८८ प्रतिशत चेतनाको कमी शिक्षामा अग्रसर नभएकोले १८.५१ प्रतिशत, मधेसी समुदायका मानिसको आर्थिक स्थिति कमजोर भएकोले ९.२५ प्रतिशत र सानोमा वर पाउने ठूलो भएपछि विवाह गर्नेलाई केटा नपाउने हुँदा ३.७० प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा भन्दा बढी सामाजिक, साँस्कृतिक परम्परा रितिरिवाजलाई पछ्याएको हुनाले देखिन आउँछ ।

## ५.७ गौना संस्कारमा प्रभाव पार्ने तत्वहरु

मधेसी समुदायमा प्रायः गरी सानो बेलामा वा ९,१० वर्षका केटाकेटीको विवाह हुने गरेको देखिन्छ । विवाह भएपछि दुलहा पक्षले तत्काल केटीलाई घरमा नलगी विवाह गरेको ३-४ वर्षपछि मात्र घरमा बुहारी बनाएर भित्र्याउने गरेको पाइन्छ ।३ ४ वर्ष सम्म माईतमा राखि छोरीलाई घरको कामकाज सिकाउने, सस्कार सिक्ने विवाह गर्दा केटी सानो हुने काम गर्ने नसक्ने भएकोले ठुली भएपछि मात्र घरमा लैजाने गरेको पाइँन्छ  गौनागर्दा सामान्य रुपमा दुलहा र जन्तीहरु आई खानपान गरी दुलहीलाई ल्याएको लत्ताकपडा गहना हस्तान्तरण गरी दुलही सजाएर घरमा लगिन्छ । जति बेला मधेसी समुदायका छोरीहरको गौना गरिन्छ । तयति बेला बाबु आमा पूर्ण जिम्मेवारबिाट मुक्त भएको महशुस गर्ने गर्दछन् ।

यसरी हुने गौनामा कुन पक्षहरुले प्रभाव पारेको हुन्छ भनी बुझ्दा धेरै प्रभाव आर्थिक रुपले परेको देखियो भने त्यस्तै गरी सामाजिक, साँस्कृतिक परम्पराले पनि गौणालाई प्रभाव पारेको देखियो । चेतनाको कमी, धार्मिक कारणहरुले पनि गौना र बाल विवाहलाई प्रभाव पारेको पाइयो । आर्थिक रुपले सम्पन्न नभए कै कारण आर्थिक रुपमा कमजोर स्थिति रहेकोले नै सानोमा नै विवाह र गौना गरी उम्किएमा थोरै तिलक दिए पुग्ने पछि विवाह गरेमा धेरै तिलक दिनुपर्ने समस्याका कारण छिटो विवाह गरेको देखियो भने चेतनाको कमी, सामाजिक, सांस्कृतिक रितिरिवाजलाई छोड्न नसकेको कारणहरुले पनि गौना संस्कारमा प्रभाव पारेको देखियो ।

**तालिका नं. १५**
**गौना सस्कारमा प्रभाव पार्ने तत्वहरु**

| गौनालाई प्रभाव पार्ने तत्वहरु | जनसंख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक स्थिति | ४२ | ७७.७७ |
| सामाजिक, साँस्कृतिक परम्परा | ३८ | ७०.३७ |
| चेतनाको कमी | ५ | ९.२५ |
| धार्मिक रुपले | २ | ३.७० |
| रोजगारी | ५ | ९.२५ |

स्थलगत अध्ययन, २०६७ ।

यसरी उपर्युक्त तालिका अनुरुप सबैभन्दा बढी गौनालाई प्रभाव पार्ने तत्वमा आर्थिक स्थिति ७७.७७ प्रतिशत सामाजिक, साँस्कृतिक परम्पराले प्रभाव पार्ने ७०.३७ प्रतिशत चेतनाको कमी वा अशिक्षाको कारणले ९.२५ प्रतिशत धार्मिक रुपले छिटो विवाह गरेमा पुण्य पाइन्छ । नाती नातीना देखे स्वर्ग गैइन्छ भनी ३.७० प्रतिशत र रोजगारीको अभावले गर्दा खर्च कम गर्नेको लागि भन्नेमा ९.२५ प्रतिशत रहेको देखिन्छ । सबैभन्दा बढी आर्थिक तत्वले नै प्रभाव पारेको पाइन्छ । छोरीको जति उमेर बढ्यो त्यती धेरै तिलक दिनुपर्छ सानोमा थोरे तिलक दिए पुग्छ सानोमा ४० – ५० हजार खर्च हुन्छ भने ठुलो भएपछि विवाह गर्दा यसको डबल खर्च लाग्ने गरेको पाइन्छ ।

## ५.८ गौना विवाहमा तिलक मागको आधारहरु

मधेसी समुदायमा विवाहमा तिलक वा दाइजोको प्रथा रहिरहेको पाइन्छ । यस्तो प्रथा घट्ने क्रममा भन्दा बढ्ने क्रम नै अगाडि रहेको छ । तिलकको मोलतोल गरेर मात्र विवाहको टुंगो लगाइन्छ । विवाहमा केटकिो रुप शिक्षालाई महत्व नदिईकन उसको घरको आर्थिक स्तरलाई हेर्ने गरिन्छ । केटाको घरको आर्थिक हैसियत, पठाई, रोजगारी अनुसार विवाहमा दाइजोको ढुंगो लगाइन्छ । केटाको हैसियत अनुसार तिलक टोकिने गरिन्छ । दाइजोमा केटापक्षले कबुल गरे अनुसार तिलक नदिएमा विवाह वा गौन हुँदैन । केटाको पारिवारिक स्थिति सँग मिल्दो जुलदो गरेर तिलक दिनु पर्छ । तिलक माग गर्दा केटाको पक्षले केटी पक्षसँग तिलकको माग गरेको हुन्छ । यसरी मधेसी समुदायमा धनी मानिसहरुमा नगद पैसा र जिन्सी सामान दिने गर्दछन् भने आर्थिक स्तर ढिक् वा निम्न रहेकोमा दाइजोको रुपमा थोरै भए पनि नगद पैसा सामान, भैंसी, साइकल, दाइजोको रुपमा दिने गरिन्छ भने आर्थिक स्तर उच्च रहेकोहरुमा १, २ लाख पैसा नगद, मोटर साइकल, फर्निचरहरु दिने गरिन्छ ।

**तालिका नं. १६**

**तिलक मागको आधारहरु**

| तिलक मागको आधारहरु | जनसंख्या | प्रतिशत |
|---|---|---|
| केटाको घर धनी, रोजगारी, पढेको भएमा | १४ | २५.९२ |
| केटाको पारिवारिक आर्थिक स्थिति अनुसार | २८ | ५१.८५ |
| केटाले कबुल अनुसार | ८ | १४.८१ |
| आफ्नो स्तर अनुसार | ३ | ५.५५ |
| थाहा छैन | ३ | ५.५५ |

स्थलगत अध्ययन, २०६७।

माथिको तालिका अनुसार मधेसी समुदायमा विवाह वा गौनामा तिलक के कसरी तय गरिन्छ भन्ने प्रश्नमा केटाको घर, धनी केटा रोजगारी, पढेको भएमा उसको मोल उच्च हुन्छ, धेरै तिलक दिनुपर्छ । २५.९२ प्रतिशत केटाको पारिवारिक आर्थिक स्थिति हेरेर ५१.८५ प्रतिशत केटाको बाबुले कबुले अनुसार १४.८१ प्रतिशत आफ्नो स्तर वा केटीको घरको हैसियत अनुसार५.५५ प्रतिशत थाहा छैन भन्नेहरमा ५.५५ प्रतिशत यसरी सबै भन्दा धेरै जवाफ केटाको घरधनी, केटा रोजगारी पढे लेखेको भएमा उच्च तिलक दिनुपर्ने देखियो ।

## ५.९ गौना सम्बन्धि उतरदाता को दृष्टिकोण

मधेसी समुदायमा रहेको उच्च बालविवाहको दर रहेको छ । मधेसी समुदायमा रहेका मधेसी समुदायका मानिसमा सानोमा नै विवाह गरेमा आफ्नो रितिरिवाज परम्परालाई जोगाइ राखिन्छ ।उनिहरु बाल बिवहा र गौनाको पक्षमा नरहे तापनि आफ्नो परम्परालाई पुस्तौ पुस्तासम्म निरन्तरता दिनुपर्छ आफनो परम्परा जोगयमा आफनो पहिचान जोगिन्छ  भन्ने मान्यता रहेको पाइन्छ त्यसकारण सानोमा विवाह गरेमा जिम्मेवारीबाट मुक्त भईन्छ नै सानोमा नै छोरीको विवाहको टुंगो लगाएमा पिर चिन्ता वा आर्थिक स्थितिबाट छिटो उम्कने गरेको पाइन्छ । तर के-कस्ता कारणले

गर्दा बालविवाह रहेको छ यसलाई कसरी हटाउन सकिन्छ भनी प्रश्न गर्दा अध्ययन क्षेत्रका मानिसहरुको जवाफ यस्तो रहेको पाइयो । मानिसमा छिटो विवाह गर्नु हुन्न छिटो विवाह गरेमा छोरीहरुको शरीरमा असर पर्छ । जनसंख्या बढ्छ भनी चेतना दिनुपर्छ, विवाहको कानुनलाई कानुनमा मात्र सीमित नगरी कडा रुपमा परिचालन गर्नुपर्छ, समाजको सामाजिक, आर्थिक स्तरलाई परिवर्तन गर्नुपर्छ, समाजको सामाजिक आर्थिक स्तरलाई परिवर्तन गर्नुपर्छ मधेसी समुदायका मानिसलाई पनि रोजगारीको प्रबन्ध गर्नुपर्छ, समाजमा रहेको सामाजिक परम्परा रितिरिवाज अन्धविश्वासलाई हटाउनुपर्छ भन्ने जस्ता जवाफहरु आएको पाइयो ।

**तालिका नं. १७**

**गौना सम्बन्धि उतरदाताको दृष्टिकोण**

| बालविवाह हटाउनको लागि निम्न कार्य | जनसंख्या | प्रतिशत |
|---|---|---|
| मानिसमा चेतना जगाउनुपर्छ | २४ | ४४.४४ |
| कानुन कडा बनाउनु पर्छ | ७ | १२.९६ |
| समाजको सामाजिक आर्थिक राजनीतिक स्तरलाई परिवर्तन गराउनुपर्छ | ६ | ११.११ |
| बालबालिकालाई पढाउनु पर्छ | ७ | १२.९६ |
| अन्धविश्वास हटाई समाज परिवर्तन गर्नुपर्छ | ९ | १६.६६ |
| थाहा छैन | ६ | ११.११ |

स्थलगत अध्ययन २०६७

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका बासिन्दाले समाजबाट बाल विवाह हटाउनको लागि निम्न कार्य गर्नुपर्छ भनी जवाफ दिए मानिसमा चेतना जगाउनुपर्छ । ४४.४४ प्रतिशत राज्यले विवाह सम्बन्धी कडा कानुन बनाउनु पर्छ । १२.९६ प्रतिशत समाजको सामाजिक आर्थिक राजनीतिक स्तरलाई परिवर्तन गराउनुपर्छ । ११.११ प्रतिशत सम्पूर्ण बालबालिकालाई पढाउनु पर्छ । १२.९६ प्रतिशत समाजबाट अन्धविश्वास, सामाजिक परम्परालाई हटाउनु पर्छ । १६.६६ प्रतिशत र थाहा छैन

भनीजवाफ दिनेमा ११.१४ प्रतिशत रहेको पाइयो । यसरी माथिको तालिका अनुसार सबैभन्दा धेरै जवाफ वा मत मानिसमा विवाह र त्यसपछिका नकारात्मक प्रभाव सम्बन्धी जनचेतना जगाउनु पर्छ भन्ने जवाफ अध्ययन क्षेत्रका धेरै मानिसले दिए ।

## ५.१० विकास र गौना

मधेसी समुदायमा आजको युगमा पनि आफ्नै परम्परा रितिरिवाज मूल्य मान्यता अनुसार चलिरहेको छ । आजको परिवर्तित शिक्षा आधुनिकीकरणको समाजबाट यो समुदाय पछाडि परिरहेको छ । तर किन यो समाज यस्ता विकासका गतिविधिबाट पछाडि परिरहेको छ भन्ने कुरा प्रश्न सोध्दा स्थानीय बासिन्दाहरुले यस्तो जवाफहरु दिएको पाइयो । समाज परम्परागत रितिरिवाज मूलयमान्यतामा नै रहिरहेकोले आधुनिक समाजमा आफ्नो परम्परालाई छोडि जान नसक्नुले, शिक्षामा कुनै चासो नदेखाएकोले किन पढ्नु पर्‍यो भोली विवाह गरी जाने हो । छोरा इण्डिया जान्छ वा नोकरी गर्न जान्छ भन्ने मानसिकता रहेको छ । रोजगारीको कमी ठूला वडाले मात्र रोजगारी पाउने गरिब सधैं गरिब नै भइरहने प्रवृत्ति र उचित रुपमा राज्य पक्षले मधेसी समुदायलाई नहेरेको नीति नियममा नसमेटेकोले जुन ठूलो उसको मात्रै पहुँच रहेकोले नै आज हामी परम्परागत रितिरवाज मै रहनु परेको जवाफहरु दिएको पाइन्छ ।

**तालिका नं. १८**
**समुदाय विकास नहुनको कारणहरु**

| कारणहरु | जनसंख्या | प्रतिशत |
|---|---|---|
| चेतनाको कमी भएकोले | २७ | ५० |
| आर्थिक, सामाजिक, राजनीतिक कारणले | ५ | ९.२५ |
| राज्य पक्षबाट उपयुक्त सहयोग नभएर | ५ | ९.२५ |
| रोजगारी र अवसरको कमी | ४ | ७.४० |
| पुरानो संस्कारलाई छोड्न नसकेर | १० | १८.५१ |
| थाहा छैन | ३ | ५.५५ |

स्थलगत अध्ययन २०६७

माथिको तालिका अनुरुप मधेसी समाज परिवर्तित शिक्षा, अवसर आधुनिकीकरण बाट किन पछाडि परेको छ भन्ने प्रश्नमा अध्ययन क्षेत्रका उत्तरदाताहरुले यस्तो जवाफ दिएका छन् । चेतनाको कमी गा.वि.स. मा शिक्षा नभएर पहिलेकै मूल्य मान्यतामा रहेको हुनाले ५० प्रतिशतन मधेसी समुदायको आर्थिक, सामाजिक, राजनीतिक पक्षहरु सवल नभएको कारणले ९.२५ प्रतिशत राज्यबाट पूर्ण रुपमा यो समुदायले सहयोग नपाएर ९.२५ प्रतिशत मधेसी समुदायको मानिसमा रोजगारी र अवसरको कमी भएको कारणले ७.४० प्रतिशत यो समुदायका मानिसले पुरानै मूल्य मान्यतालाई निरन्तरता दिएकोले नयाँ समाज चलायो भने समाजबाट एक्लो भइन्छ भनी पुरानो मूल्य मान्यतालाई छोड्न नसकेर १८.५१ प्रतिशत र थाहा छैन भनी जवाफ नदिनेहरुमा ५.५५ प्रतिशत रहेको छ । यसरी तालिका हेर्दा सबै भन्दा बढी विचार चेतनाको कमी मधेसी समुदायमा पढ्नु पर्छ वा पठाउनु पर्छ भन्ने चेतना नभएकोले हुनाले मा नै बढी जवाफ वा यहि कारणहरु रहेको देखिन्छ ।गौना सस्कार धनि र गरिब दुबै परिवारमा हुन्छ तर त्यसको प्रकिति मात्र फरक देखिने गर्दछ गरिबको सानो रुपमा हुन्छ भने धनिको भव्यरुपमा हुनेगर्दछ । यो सस्कार धनि र गरिब नभएर आफनो रितिरिवाजको रुपमा रहेको देखिन्छ।

## ५.११ गौनामा आएको पुस्तेनि अन्तर

अध्ययन स्थलमा रहेका एउटै घरका ३ पुस्तालाई समेटेर वैयक्तिक घटनाको अध्ययन र विश्लेषण गरिएको छ। तलको प्रस्तुतिले गौना कसरी समयअन्तरालमा फरक हुदै गएको छ भन्ने कुरालाइ देखाउछ ।

हजुरआमाको पुस्ता : मेरो नाम बसन्धरी मली हो । मेरो हालको उमेर ६० वर्ष भयो मेरो विवाह म ७ वर्षको हुँदा भएकोले विवाह के हो किन गरिन्छ केही पनि थाहा थिएन केटाकेटीको खेल जस्तो लाग्थ्यो विवाह गरेको ४ वर्षमा मेरो गौना भएको हो । गौना हुँदाको समयको भने मलाई याद आउँछ । विवाह सामान्य रुपमा भएको थियो । हामीसँग धेरे सम्पत्ति पनि थिएन । जसको कारणले तिलकको रुपमा सामान्य भाडाकुडा मात्रै दिइएको थियो । विवाहमा चाँदकिा गरगहना अलिअलि मात्र थियो ।

विवाह अहिलेको भन्दा आकाश पाताल फरक थियो । तडकभडक थिएन तिलकको प्रचलन नभएको कारणले गर्दा तिलक धेरै थोरै भन्ने अवस्था थिएन तिलक थोरै ल्याएको भनेर कुरा उठेन तिलकको प्रचलन नै थिएन पहिलो बच्चा १३ वर्षको उमेरमा नै पाए तर जिवित रहन सकेन । समाजमा रहेका संस्कृति मूल्य मान्यता अनुरुप नै विवाह हुन्थ्यो समाज पूर्ण रुपमा सामाजिक परम्परामा रहेको थियो । देखासिकी नक्कल गर्ने चलन थिएन ।

आमा को पुस्ताः मेरो नाम निर्मला मली हो । मेरो हाल उमेर ३५ वर्ष भयो मेरो विवाह ९ वर्षको उमेरमा भएको थियो विवाह भनेको खेलखेलको जस्तो लाग्थ्यो त्यति याद पनि आउँदैन विवाह पश्चात् सिन्दुर पोते चुरा लगाउने गर्थे मेरो गौना ११ वर्षमा भएको हो भने गौनामा तिलक प्राय सामान्य वस्तु नै थिए तर समाजमा तिलकको परम्पराको भर्खर सुरुवात भएको थियो । अटैची, वेडविस्तारा, भाडाकुडा चादीका गरगहना लत्ता कपडा तिलकमा दिइएको थियो । यति तिलक ल्याउँदा पनि थोरै भयो भनी मलाई घरमा सासु ससुराले गाली गरिरहन्थे । सासुले पिट्ने निस्केर जा भन्थे म केही महिना माइतमै आएर बसे त्यसपछि बाबुले भैंसी पठाइदिनु भयो अनि म घर गए । विवाह हुँदा सामाजिक रितिरिवाज अनुरुप नै हुने गरेको थियो । आर्थिक स्थितिले अहिलेको समयमा जस्तो धेरै प्रभाव पारेको थिएन । पहिलो बच्चा १४ वर्षको उमेरमा जन्माएकी हु । समजामा बालविवाह नै गर्नुपर्छ भन्ने मान्यताले गर्दा नै छिटो विवाह भएको हो ।

नातिनीको पुस्ता मेरो नाम मनमाया मली हो । म १० वर्षकी थिए मेरो विवाह गर्दा विवाह गरेको याद आउँछ । विवाह भनेको सिन्दुर चुरा पोते, गरगहना लगाउनु हो । विवाहमा बेहुला चुनेको भनेर आमाले भन्नुहुन्थ्यो । विवाह पश्चात् आफ्नो संस्कृति संस्कार सिक्नुपर्छ भनेर स्कूल नगइ घरको कामकाज सिक्नमा लागे अहिले म १३ वर्षकी भए आज मेरो गौना हो । गौनामा मेरो बुबाले पलङ्ग, बेडविस्तारा, गरगहना नगद रु. १०,००० र दराज दिनुभएको छ । यति तिलक दिँदा पनि केटा पक्षले थोरे भयो भनी साइकल थपिएको हो । विवाह र गौना दुवै समाजको रितिविाज परम्परा अनुसार गरिएको छ । अहिलेको विवाह गौना पहिलेको जस्तो छैन धेरे खर्च लाग्छ ।

आर्थिक स्थितिले पनि सामाजिक परम्परा मुल्य मान्यताले जस्तै गरी विवाहमा प्रभाव पारेको छ । धनी पढे लेखेको केटालाई छोरी दिन केटीको बाबु पनि धनी हुनुपर्छ धेरै तिलक दिनुपर्छ । समाजमा बालविवाह गर्नु हुँदैन भनी थाहा पाउँदा पाउँदै पनि समाजलाई निरन्तरता दिन र समाजबाट एक्लो भइन्छ भनी डरले गर्दा पनि बाल विवाह गरेको देखिन्छ ।

माथिको प्रस्तुती बाट के पनि प्रष्ट हुन्छ भने गौनाले परम्परागत समाजको चित्रण गर्छ ।तर यही गौना भित्रपनि तिलक दिने कुरामा आधु निकता छिरेको देखिन्छ। तीन पुस्ता अगाडि तिलकको रुपमा घरमै भएका बस्तुभाउ दिने थियो भने आज आएर साइकल,टि भि, लगाएत नगद पैसा पनि दिन पर्छ यसरी गौना कसरी वस्तुकरण हुदैछ भन्ने कुरा देखाउछ ।तसर्थ हिजोआज हुने गौना परम्परा र आधुनिकताको मिश्रण हो। यसरी यी ३ पुस्ताका घटना विवरणहरुलाई हेर्दा आजको ५०-६० दशक अगाडि मधेसी समुदायमा तिलकको प्रचलन नरहेको विस्तारै भारतको नजिक हुँदा विस्तारै तिलकको प्रचलन समुदायमा घुसेको देखिन्छ । जति समुदाय, रितिरिवाज परम्पराहरु परिवर्तन हुँदै जान्छ त्यति नै तिलकको स्वरुप पनि परवर्तन हुँदै झन झन ठूलो अवस्थामा पुगेको देखिन्छ । यसको कारणमा आधाुनिकीकरण पाश्चात संस्कृतिहरुको देखासिकी गर्नु विस्तारै छिमेकी राष्ट्र भारतसँगको लेनदेन नै रहेको देखिन्छ । यसरी हजुर आमाको समयमा भन्दा आमाको समयमा परिवर्तन हुनु नातिनीको समय बढी परिवर्तन भई विवाहलाई तिलकले नै निर्धारण गरेको देखिएको छ । त्यसैगरी यी ३ पुसतामा विवाह हुने उमेर र गौना हुने उमेरमा पनि केही परिवर्तनहरु आएको देखिएको छ । बालविवाह गर्नु हुँदैन भन्ने कुरा थाहा पाउँदा पाउँदै पनि समाजमा आफ्नो पहिचान राख्नको लागि आज पनि मधेसी समुदायमा बालविवाह कायमै रहेको पाइन्छ।

। तथ्यांक संकलन गर्ने क्रममा बालविवाह गर्ने र गौना गर्ने समय मिलेको हुनाले मैले एउटा विवाह र एउटा गौना देख्ने र मैले मेरो क्यामरामा केद गर्ने अवसर पाए हेर्दा नेपालीहरुको जस्तै गरी ब्राह्मण बेहुला बेहुली जस्तै बसी ब्राह्मणकै रितिरिवाज

अनुरुप विवाह हुँदो रैछ भने गौनामा दुलाहा जन्ती आएर खाना खाई वरी दुलहीलाई गहना कपडा दिएर सजाएर घर वा गृहस्थी जीवनमा प्रवेश गराउने रैछ ।

## ५.१२ उत्तरदाताको विचारमा बालविवाह

यस मधेसी समुदायका (अध्ययन स्थलका) मानिसहरुमा सानो विवाहलाई राम्रो नराम्रो के भनी बुझ्दा अध्ययन क्षेत्रका उत्तरदाताहरुमा ४६.२९ प्रतिशतले बालविवाह राम्रो होइन रोक्नु पर्छ भन्ने धारण राखे । यसले समाज र संस्कृति जोगाउने नाउँमा महिला हिंसा भित्र्याउँछ भने । यसबाट पर्ने नकारात्मक प्रभावलाई यसरी बताए ।

- छिटो विवाह गरी छिटो यौन प्रक्रियामा भाग लिएमा यसले महिलाको शारीरिक विकासमा नराम्रो प्रभाव पार्छ, महिलाको स्वास्थ्य स्थितिमा असर पुऱ्याउँछ ।
- बालविवाहले धेरै जनसंख्या बढाउनमा मद्दत गर्छ ।
- बालविवाहले महिलाको अधिकारमा नराम्रो. असर पार्छ, घरेलु हिंसा भित्रिन्छ ।
- यसले भर्खर जन्मेको बच्चामा पनि नराम्रो असर पार्छ ।

त्यस्तै गरी केही उत्तरदाताहरुले बालविवाह जुन समाजमा चलिरहेको छ यो राम्रो छ । हाम्रो परम्परा रितिरिवाज मूल्य मान्यता अनुरुप नै चलेको बालविवाहले समाजलाई राम्रो गरेको छ भनी जवाफ दिए त्यसमा अध्ययन क्षेत्रका ५९.२५ प्रतिशत उत्तरदाताले बालविवाह राम्रो हो रोक्नु हुँदैन भनी समर्थन गरे ।

- बलाविवाह हाम्रो पूर्खादेखि चलिआएको परम्परा हो यसलाई रोक्नु हुन्न यो हाम्रो संस्कृति हो ।
- ढिलो विवाह गऱ्यो भने केटा नपाउने बच्चा जन्माउँदा गाह्रो हुने गर्छ ।
- समाजमा भर्खरका केटाकेटीको विवाहित जोडीलाई समाजका अन्य मानिसले छिटो बच्चा जन्माउछ भनी विश्वास गर्छ ।
- विवाहले छोरीलाई सुरक्षित गराउँछ छिटो आफ्नो घर परिवार चालउने वा घर खाने हुन सक्छ ।

) जति छोरीलाई माइतमा राख्यो त्यति आमाको बोझ हुन्छ, धेरै तिलक दिनुपर्छ । विवाह गर्न गाह्रो हुन्छ ।

यस्ता विचारहरु छिटो विवाह गर्दा राम्रो वा नराम्रो भन्दा उत्तरदाताले माथिका जवाफहरु दिए यसबाट के बुझिन्छ भने अध्ययन क्षेत्रमा अझै पनि आफ्नो परम्परा र रितिरिवाजलाई नै ठूलो मानी छिटो विवाह गर्नेहरुको नै बाहुल्यता रहेको छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

बालविवाह नेपालमा मात्र नभएर विश्वभरी कै एउटा समस्याको रुपमा रहेको छ । बालविवाहलाई विभिन्न पक्षहरु सँग जोडेर अध्ययन अनुसन्धान गरिएको पाइन्छ तर समाजमा रहेका सांस्कृतिक रितिरिवाज परम्परा मुलय मान्यताले के कसरी समाजमा बालविवाहलाई प्रोत्साहन गर्छ भन्नेमा कमै अध्ययन अनुसन्धानहरु भएको पाइन्छ । फलस्वरुप मैले मेरो शोधपत्रमा नेपालकै तराई क्षेत्रमा रहेका मधेसी समुदायमा रहेको बालविवाह र गौनाको बारेमा किन आजसम्म समाजमा बालबिवहा रहिरकेको छ । के कस्तो सामाजिक संरचना यो रहन्छ र गौनालाई कुन कुन पक्षहरुले प्रभाव पारेको छ । मधेसी समुदायमा दहेजको प्रथा कसरी एक पुस्ताबाट अर्को पुस्तामा जाँदा परिवर्तन भइरहेको छ भनी रुपन्देही जिल्लाको गोनहा गा.वि.स. का वडा नं. १ र २ लाई आफ्नो अध्ययन स्थल बनाई त्यहकिो मानिसहरुलाई लिएर यो शोधपत्र तयार पारिएको हो ।

यस अध्ययन क्षेत्रमा रहेका मधेसी समुदायको ५४ घर परिवार र विवाहित छोरीहरुलाई उत्तरदाताको रुपमा समेटिएको छ । दुवै वडाबाट जम्मा २६३ घर परिवारबाट ५४ घर पविारलाई छानिएको छ जसमा महिला र पुरुषलाई बराबर रुपमा सहभागी गराइएको छ । विवाहित छोरीहरुलाई पनि यो अध्यनमा समाहित गरिएको छ ।

यो अध्ययन पूर्ण वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचामा रहेको छ । विभिन्न तथ्याङ्कहरको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय तथ्याङ्कहरुलाई स्रोत मानिएको छ

साथै बालविवाह र गौना पहिलाको स्वरुपबाट आजको स्वरुपमा के - कसरी आयो दाइजोको प्रचलन कसरी परिवर्तन हुँदै गयो । दाइजोको स्वरुप सँगसँगै घरेलुहिंसा कुटपिट कसरी बढ्यो भन्ने कुरालाई पत्ता लगाउनको लागि वैयक्तिक घटना अध्ययन गरिएको छ ।

छोराछोरीको ढिलो छिटो विवाह गर्ने कारण, गौनामा प्रभाव पार्ने तत्वहरु बालविवाह गर्नुको कारण, विवाह के हो ? गौनामा तिलक भागको आधार जस्ता कुराहरुलाई विश्लेषणात्मक रुपमा देखाइएको छ ।

उत्तरदाताहरु कुन-कुन पेशामा संलग्न छन् । त्यस कुरालाई पनि चित्रण गरिएको छ । कृषि ३७.०३ प्रतिशत, व्यापार १२.९६ प्रतिशत, दैनिक नोकरी २५.९२ प्रतिशत, रोजगारी १४.८१ प्रतिशत र अन्य ९.२५ प्रतिशत रहेको पाइएको छ ।

उत्तरदाताहरमा गौना हुनुका कारणहरु उदृत गरिएको छ । सबैभन्दा बढी सामाजिक, साँस्कृतिक परम्परा रितिरिवाजलाई छोड्न नसकेर ८८.८८ प्रतिशत र कममा सानोमा वर पाउने ठूलो भएपछि नपाउने भएकोले ३.७० प्रतिशत रहेको देखिएको छ ।

गौनामा बढी प्रभाव पार्ने तत्वको रपमा आर्थिक तत्व ७७.७७ प्रतिशत देखिएको छ । बालविवाह गर्नुको कारणमा आर्थिक कारण सबै भन्दा बढी ५९.२५ प्रतिशत रहेको छ । तिलक भागको आधारमा सबैभन्दा बढी केटाको हैसियत, आर्थिक स्तर अनुरुप देखिन आएको छ । बालविवाह हटाउनलाई मानिसमा चेतना जगाउनु पर्छ भन्नेमा उत्तरदाता धेरे रहेका छन् । ४४.४४ प्रतिशत यसरी उचित अवसर र चेतनाको कमीले गर्दा नै मधेसी समुदाय अन्य समुदाय भन्दा परिवर्तित आधुनिक समुदायबाट टाढा रहेको भनी महशुस गर्ने उत्तरदाताहरु अध्ययन स्थलमा धेरै रहेको पाइन्छ ।

यसरी यहाँको सामाजिक साँस्कृतिक मूल्य मान्यता परम्परा अनुसार रहेको बालविवाहलाई समाजको रितिरिवाज र आर्थिक स्तरले नै गौना र बालविवाहमा प्रभाव पारेको देखिएको छ ।

## ६.२ निष्कर्ष

बालविवाह नेपालमा मात्रै नभई विश्वभरी नै एउटा समस्याको रुपमा रहेको छ । विवाहलाई विभिन्न पक्षहरुसँग जोडेर हेरेको पाइन्छ तर समाजको संरचना सामाजिक मूल्यमान्यता परम्परागत रितिरिवाजहरुसँग जोडेर कमै मात्र अध्ययन अनुसन्धानहर भएको देखिन्छ ।

अध्ययन क्षेत्रमा प्रायजसो धेरै घर परिवार संयुक्त परिवारको रुपमा रहेको देखियो । संयुक्त परिवारमा रहेकै कारण धेरै जनसंख्या भयो जसले गर्दा छिटो विवाह गरेमा जिम्मेवारीबाट उम्किनी केही मात्राम भए पनि आर्थिक बोझ कम हुने भन्ने मानसिकता अध्ययन क्षेत्रका उत्तरदाताहरमा रहेको देखियो । समाज पूर्ण रुपमा पितृसत्तात्मक सामाजिक मूल्यमान्यता र परम्पराबाट नियन्त्रित भएको छ । समाजमा वा घरपरिवारमा महिलाको स्तर निम्न रहेको छ । महिलाहरु घरबाट बाहिर ननिस्कनु, अन्य समुदायसँग घुलमिल नहुनु, स्कूल नजाने गर्दा महिलाको साक्षरता दर कम रहेको छ । पारिवारिक निर्णय भूमिकामा पनि पुरुषकै वर्चस्व रहेको देखियो ।

अध्ययन क्षेत्रमा छिटो छोराछोरीको विवाह गर्नुमा सामाजिक मूल्य, मान्यता परम्भपरा अगाडि रहेको छ भने सँगसँगै कमजोर आर्थिक स्थिति पनि रहेको देखियो । त्यसैगरी शिक्षा, रोजगारीमा बढी सक्रिय नरहेको कारणले पनि छिटो विवाहलाई प्रभाव पारेको देखियो । अध्ययन स्थलका केटीहरुको ९-१४ वर्षको उमेर समुहमा धेरैको विवाह भएको छभने पुरुषको १०-१६ वर्ष उमेरमा विवाह भएको छ । त्यसैगरी अध्ययन क्षेत्रमा गौना विवाहवारीमा पनि तिलक दिने कुरामा समाज परिवर्तन सँगसँगै आधुनकिता छिरेको देखियो । तीन पुस्ता वा ५०-६० वर्ष अगाडि दाइजोको प्रथा नरहेको घरका वस्तुभाउ दाइजोमा दिने गरेको र आज आएर दाइजोको रुपमा साइकल, टि.भी., दराज, पलङ्ग दिने गरेको देखियो । यसलाई हेर्दा अध्ययन स्थलमा के भेटियो भने आधुनिकता सँगै त्यहाँको गौना संस्कारमा पनि परिवर्तन आएको छ ।

त्यसैगरी F. Gaize ले भनेजस्तै तराईका वासिन्दा र पहाडी विच आर्थिक लेनदेन रहेता पनि उनीहरुको संस्कृति, परम्परा, विवाह बारी नमिल्ने उनीहरु एक आपसमा छुट्टै पहिचान देखाउने खोज्नी एउटै धर्म मानेता पनि आफूहरु अलग अलग संस्कृति बोकेको देखिए जस्तै गरी अध्ययन क्षेत्रमा पनि तराइका मधेसीहरु सँगसँगै पहाडीया ब्राह्मण, क्षेत्रीहरु बसोबास गरेता पनि एउटै धर्म मानेता पनि पहाडीयाहरुसँग मधेसीहरु घुलमिल नहुनु उनीहरुबिच कुनै पनि अन्तरक्रिया नरहनु एक आपसमा संस्कृति नमिल्नु एक आपसमा विवाहवारी नहुनु उनीहरुलाई अन्तरजातीय सम्बन्धमा बन्देज गरिनु अरु महिला जस्तो गरी बाहिर ननिस्कनु बाहिरी जनमानसमा आएर अन्य समुदायका महिला वा मानिससँग घुलमिल नहुनुले गर्दा नै आजसम्म मधेसी समुदायमा बाल विवाह गौना रहिरहेको हो

# सन्दर्भग्रन्थ सूची


Acharya, B. (1994). *Socio-econoic Impact on Age at Marraige of Ranabhats.* Unpublished M.A. Dissertation Submitted to Central Department of Population Studies.

Acharya, Bennett (1981). *The Status of Women in Nepal Rural Women of Nepal*. Kathmandu CEDA T.U.

Angles, Frederic (2056). *The Origine of Family Private Property and State*.

Benett, Lynn (1979). *Tradtion and Change in the Leal Status of Nepalese Women.* The Status of Women in Nepal Vol. 1, Kathmandu CEDA.

Borrett (1989). Mitchel (1975). *Psychonalysis and Feminism*. New York, Vintage.

Brown, Reddiff (1952). *African System of Kinship Marriage*. New York: Oxford.

CBS (2001).

Durkhein Emile (1968). *The Elementary from of Religous Life*. J. Swain, Tran. New York: The Free Press.

Ember, C.R. and M. Ember (1990). *Anthropology*. 6th edition. New Delhi:

Fricke, Tom. E. (1986). *Himalayan Household Tamang Demography and Domestic Process.* Ann Arber Michign UML Research Press.

Johnson, Harry M. (1984). *Society A Systematic Introduction*. Allied Publisher Pvt. Ltd.

Jose, Mathew S.L. (1999). *Child Marriage*. A Vanishing Custom.

Karki, K. (2002). *Determinants of Female Age at Marriage of Kumal Community Kayamin VDC Tanahun.* Unpublished M.A. Dissertation Submitted to Central Department of Population Studies.

Kayastha, Rabi Prasad (1995). Urban Population and Age at Marriage. *Nepal Population Journal*

Malinowski (1944). *Scientific Theory of Culture and Other Essay*. University of North Corolina Press.

Merton, R.K. (1968). *Social Theory and Social Structure.* American Publishign Co. Pvt. Ltd. New Delhi.

Murdock, G.D. (1949). *Social Structure.* New York: Macmillan.

New Era (2002). *Nepal Demographic and Health Survey*. Kathmandu.

Shrestha (2004). *Child Marriage in Bidur Municipality of Nuwakot District.* Unpublished M.A. Dissertation Submitted to Central Department of Sociology, T.U.

Smith Peter C. (1980). Asian Marriage Pattern in Transition. *Journal of Family History*. Vol. 5, No. 1.

Tong (1983). *Feminist Though. A More Comprehenire in Production* Boulder Colorado. USA West Views Press.

Trusell, J. (1980). *Illustrate Analysis : Age at First Marriage in Srilanka and Tjhailand WFS Seien Life.* Report No. 13 (Netherlands International Statitics).

UN (2000). *Pattern of First Marraige Timing and Prevalence*. New York.

UN (2009). *Report Early Marriage.*

UNFPA (1992). *Children and Women of Nepal*.

UNFPA (1994). *Early Marriage.*

UNFPA (2004). *Child Marriage.*

UNFPA (2005). *Child Marriage in South Asia*.

UNICEF (2005). *Early Marriage.*


RUPANDEHI DISTRICT
Election Area
N
1
2
3
4
5
6
7
Saljhundi
Dudharakchhe
Praroha
Butwal N.P.
Devadaha
Semalar
Rudrapur
Gajedi
Shankarnagar
Khadawabanga
Motipur
Bharsatikar
Anandaban
Karahiya
Manpakadi
Manmateriya
Makrahar
Kerbani
Amuwa
Tikuligadh
Sandi
Suryapura
Bishanupur
Dayanagar
Sangoliya
Sikatahan
Harnaiya
Chilniya
Padsari
Hatibangai
Jogada
Dhamauli
Kamaharya
Mainahiya
Chhipagada
Masina
Ekla
Basantapur
Dhakadhai
Rudrabagar
Siddharthnagar N.P.
Pokharvindi
Lumbini Dev. Area
Gonaha
Bagaha
Pajarkatti
Bodabar
Tenuhawa
Madhuwani
Marcadpur
Lumbini
Sipawa
Bairghat
Bhagwanpur
Majhagawa
Bogadi
Betakuiya
Aama
Rohinhawa
Asurena
Farena
Silautiya
Bagauli
Rayapur
Karauta
Sameramarchwar
Study Area
Rup_vd02
District







